मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १०६ | २०७९ साल फाल्गुन ११ गते बिहिबार | Thursday 23, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## औद्योगिक करिडोरको नाममा रेल्वेको जग्गा अतिक्रमण

*सम्बन्धित निकाय अनभिज्ञ र निरिह, संघ सरकारमाथि बोझ थुपार्दै पन्छिने प्रयास*




एस.के. कर्ण

वीरगंज, ११ फागुन । मधेश प्रदेशको बारा–पर्सा स्थित अम्लेखगञ्ज-रक्सौल रेल्वेको सयौं बिगाहा जग्गा औद्योगिक करिडोरको नाममा कब्जा गरेर दर्जनौ उद्योगहरुले वर्षौदेखि भोगचलन गर्दै आइरहेका छन् ।

औद्योगिक करिडोरको नाममा उद्योगहरुले वर्षौदेखि अतिक्रमण गरेर राखेका जग्गा खाली गराउने बारे सम्बन्धित निकाय मध्ये केही अनभिज्ञ छन् त केही निरिह देखिएका छन् । सबैले संघ सरकारमाथि दोष थुपार्दै पन्छिने प्रयास गरिरहेको छन् ।

अम्लेखगञ्जदेखि वीरगञ्जसम्मको ३९ किलोमिटर क्षेत्रको १ हजार ७४९ बिगाहा जग्गा दर्जनौं उद्योगले अतिक्रमण गरेर भोगचलन गरिरहेका छन् । बारा–पर्सा औद्योगिक करिडोरको नाममा कब्जा गरिएको रेल्वेको जग्गामा डाबर नेपाल बहुराष्ट्रिय कम्पनीदेखि साना उद्योगहरुले संरचना बनाएका छन् । रेल्वेको जग्गा अन्तर्गत मुख्यतः बाराको जीतपुर सिमरा उपमहानगरपालिका, परवानीपुर गाउँपालिका र पर्साको वीरगंज महानगरपालिका क्षेत्र पर्दछ ।

यी तीनवटै पालिका भित्र औद्योगिक करिडोर पर्दछन । ती औद्योगिक करिडोर भित्र जीतपुर सिमरामा मात्रै डाबर नेपाल बहुराष्ट्रिय कम्पनी, नारायणी लेदर, मल्लिका कोईला उद्योग, कन्सेफ्ट औषधि उद्योग, ज्योति ग्रुप्र सहित ३०/३५ वटा उद्योगले मात्रै सयौं बिगाहा जग्गा अतिक्रमण गरेर भोगचलन गरिरहेका छन् ।

अम्लेखगञ्जदेखि पूर्वपट्टी हुलास, अशोक स्टिल, कत्था मिल हुँदै जीतपुर गढीमाई मन्दिरदेखि पश्चिमपट्टी नारायणी लेदर, डाबर नेपाल, नारायणी रोलिङ मिल्स, नेशनल फर्मासिटिकल्स, गोदावरी आयल्स, नारायणी इन्साफट, राहुल आयल लगायतका दर्जनौं उद्योगले रेल्वेको जग्गा अतिक्रमण गरेर भोगचलन गर्दै आएको छ ।

रेल्वेको सबभन्दा बढी जग्गा परवानीपुर गाउँपालिकामा उद्योगहरुले कब्जा गरेका छन् । परवानीपुरमा दर्जनौ उद्योगहरु रेल्वेको जग्गामा संचालनमा छन् । यसका साथै वीरगंज महानगरपालिकामा समेत सयौं विग्घा जग्गा उद्योगहरुले कब्जा गरेर बसेका छन् । श्रोतका अनुसार कयौं उद्योगहरुले मालपोत र नापी कार्यालयलाई मिलाएर नामसारी समेत गरिसकेका छन् ।

जीतपुरसिमरा उपमहानगर २३ का पूर्व वडाध्यक्ष अस्लम देवनले आफ्नो वडामा मात्रै डाबर नेपाल बहुराष्ट्रिय कम्पनी, नारायणी लेदर, मल्लिका कोईला उद्योग, कन्सेफ्ट औषधि उद्योग, ज्योति ग्रुप्रले मात्रै सयौं बिगाहा जग्गा अतिक्रमण गरेर भोगचलन गरिरहेको बताए । श्रोतका अनुसार वडामा ३० देखि ३५ फुटसम्मको जग्गा करिडोरमा रहेका उद्योगहरुले कब्जा गरेका छन्, केही जग्गामा व्यक्तिको घर पनि छ,' केही उद्योगीले त व्यक्तिको नाममा पुर्जा समेत बनाइसकेको छ ।

सम्बन्धित निकाय यसरी पन्छिदैंछ

रेल्वेको एक हजारभन्दा बढी विग्घा जग्गा औद्योगिक करिडोरको नाममा उद्योगहरुले कब्जा गरेपनि सम्बन्धित निकायहरुले त्यसलाई खाली गराउन निरिह देखिएका छन् । केही त रेल्वेको जग्गामै औद्योगिक करिडोर रहेको भन्ने अनभिज्ञता प्रकट गरेका छन् । अधिकांश निकायले आफूबाट केही हुन सक्दैन संघ सरकारले नै पहल गर्नुपर्छ भनी पन्छिने प्रयास गरेका छन् ।

रेल्वेका प्रमुख निकाय भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय मातहतका रेल्वे विभागले आफूले प्रतिवेदन तयार पारेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बुझाइ दिएका छौं, भौतिक पुर्वाधार मन्त्रालय र अख्तियारमाथि झारा टारेर पन्छिने प्रयास गरेका छन् ।

रेल्वे विभागका प्रवक्ता एवं सूचनाका अधिकारी अमन चित्रकारले भने अम्लेखगञ्ज-रक्सौल रेल्वेको जग्गा अतिक्रमण सम्बन्धमा पुर्ण विवरण सहितको प्रतिवेदन आफूहरुले अख्तियारलाई बुझाइसकेका छौं । अब अख्तियारले के कतिसम्म कारवाही गरेको छ र ती प्रतिवेदन कार्यान्वयन गराउन भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयले कतिको पहल गरेको तिनीहरुसँग नै सोध्नुस भनी पन्छिने प्रयास गरेका छन् ।

उता अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले शुरुमा अनभिज्ञता प्रकट गर्दै भने कुन रेल्वेको जग्गा आफूलाई थाहा नभएको बताए । पछि अम्लेखगञ्ज-रक्सौल रेल्वेको जग्गा सम्बन्धी प्रतिवेदन रेल्वे विभागले अख्तियारलाई बुझाइसकेको भनेपछि उनले केही कुरा हाम्रो गोपनीयता भित्र रहेकाले भन्न मिल्दैन तर सो रेल्वेको कारवाही प्रक्रियामा काम भइरहेको छ, सम्बन्धित स्थानीय तहलाई पत्राचार गरिसकिएको छ, विस्तारै टुगिन्छ बताए ।

बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले कुन रेल्वेको कहाँको जग्गा कुन उद्योगले कब्जा गरेको छ आफूलाई थाहा नभएको भनी अनभिज्ञता प्रकट गरे । जबकि अनुसार जिल्ला प्रशासन कार्यालय बारालाई अख्तियारले सो जग्गा खाली गराउन पत्राचार समेत गरिसकेको छ । अम्लेखगञ्ज-रक्सौल रेल्वेको बार ा–पर्सा औद्योगिक करिडोर भित्रका

- बाँकी पृष्ठ ६ मा

## अन्तराष्ट्रिय व्यापार मेलामा भीड बढ्दै

*आर्थिक मन्दीमा व्यवसायभन्दा पनि वस्तु प्रवर्द्धनका लागि आयोजना गरिएको आयोजक पक्षको भनाई*




मधेशदृष्टि

जनकपुरधाम, १० फागुन । मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजित अन्तराष्ट्रिय व्यापारमा मेलामा विस्तारै भीड जुटन थालेको छ । जनकपुरधाम उद्योग वाणिज्य संघद्वारा शुक्रवारदेखि आयोजित सो व्यापार मेलामा शुरुआती चरणमा खासै भीड नभएपनि अहिले किनमेल गर्ने र अवलोकनकर्ताहरुको भीड विस्तारै बढन थालेको छ । आयोजक पक्ष संघले जनाए अनुसार अहिले दैनिक चार हजारको हाराहारीमा मेला अवलोकन गर्नेहरु आइरहेका छन् ।

२०७२ सालमा गएको विनाशकारी महाभूकम्प, कोरोनापछि नेपालसहित विश्वमा देखापरेको आर्थिक मन्दीका कारणले धरासायी बनेको देशको अर्थतन्त्रलाई गति दिनका लागि जनकपुरधामको तिरहुतिया गाछीमा आगामी १४ फागुनसम्म चल्ने व्यापार मेलामा १ सय ११७ वटा स्टल रहेकोमा ९२ वटा मात्र संचालनमा रहेका छन् ।

व्यापार मेलामा कुल १० लाख दर्शकले अवलोकन गर्ने विश्वास आयोजक जनकपुरधाम उद्योग वाणिज्य संघले लक्ष्य राखेकोमा आर्थिक मन्दीका कारण लक्ष्य अनुरुप भिजिटरको संख्यामा कमी रहेपनि सन्तोषजनक रहेको दाबी गरेका छन् । संघका अध्यक्ष जितेन्द्र महासेठले भने लक्ष्य अनुरुप भिजिटर नआएपनि दैनिक चार हजारको हाराहारीमा आइरहेकोमा सन्तोषप्रद नै रहेको छ ।

यस्तो आर्थिक मन्दीमा व्यापार मेला लगाउनुको उद्देश्य बारे महासेठले भने हामीले वस्तु बिक्री भन्दापनि स्थानीय उद्योगहरुबाट उत्पादित वस्तुको ब्राण्ड प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरेका हौं । सामानहरु विक्री नभइरहेको कुरा पनि होइन घरायसी र खाद्यय सामाग्रीको बिक्री राम्रौ भइरहेको छ, अटोमोबाइल्स र लताकपडाको बिक्रीमा केही ह्रास देखिएको छ । तर पनि दैनिक चार हजार आउने अवलोकर्ताहरु माझ उनीहरुको ब्राण्ड प्रवर्द्धन भइरहेको छ । त्यो नै हाम्रो उपलब्धी हो ।

उनले थप्दै भने चुनौती रहेपनि हामीले जोखिम लिएर नै स्थानीय उद्योगको उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि जोखिम मोल लिएका छौं । प्रवेश शुल्क २० रुपैया दररेट राखिएकोमा भीडमा कमी भइरहेको आरोप बारे अध्यक्ष महासेठले भने जहाँपनि एक्सपो मेलामा शुल्क राखिन्छ । बिराटनगर र नारायणघाट जस्ता ठाउँमा ५० रुपैयादेखि ३ सय रुपैयासम्म प्रवेश शुल्क राखिएको थियो, हामी त सेवा शुल्क भनेर एकदम न्यून रकम लिइरहेको छौं । निशुल्क गरिदिएमा भीड त जुटछ तर त्यो सांस्कृतिक कार्यक्रमका लागि मात्रै न कि वस्तु किनमेलका लागि ।

त्यस्तै ई साइकलका विक्रेता विजयकुमारले भने यस व्यापार मेलामा आफ्नो स्टल राख्दा राम्रो उपलब्ध हासिल भएको छ । उनले भने पहिला त बिक्रीको त कुरै छाडौ, अधिकांशलाई साइकल पनि ब्याट्रीवाला हुन्छ थाहा थिएन । तर यहाँ स्टल लगाउंदा बिक्री हुनुका साथै राम्रै प्रचार प्रसार पनि भइरहेको छ ।

- बाँकी पृष्ठ ६ मा

## भांसिएको १९ महिना बित्दा पनि बनेन् "कमला पूल"

*हुलाकी राजमार्ग आयोजना भन्छन् : डिजाईन भइसकेको, यही मसान्तमा काम शुरु हुन्छ*



मधेशदृष्टि

जनकपुरधाम, १० फागुन । धनुषा र सिरहा जिल्लालाई जोड्ने हुलाकी राजमार्ग अन्तर्गतको कमला पुल भांसिएको १९ महिनादेखि अलपत्र छ । निर्माण सम्पन्न भनी उद्घाटनको तयारी भईरहेकै क्रममा भांसिएको थियो ।

२०७८ साल असार २० गते उद्घाटन गर्ने कार्यक्रम रहेको क्रममा असार १७ गते नै अबिरल वर्षाको कारण आएको बाढीले त्यो पुल भांसिन गएको थियो । मधेश प्रदेशको लाइफलाइन मानिएको हुलाकी राजमार्ग अन्तर्गतको सो पुल भासिएपछि नदीमा बाढी आएपछि दुवै जिल्लाका स्थानीयवासी बाँसको चचरी बनाएर जोखिम मोलेर ओहोरदोहोर गरेपनि सरोकारवाला निकायले मरम्मत सम्भारमा चासो देखाएको छैन । २०६८ साल जेठ ३१ म तत्कालीन भौतिक

- बाँकी पृष्ठ ६ मा

Organised By
SteelMint Events
2nd Nepal TRADE SUMMIT
STEEL | COAL | CEMENT
Nepal's Largest Trade Summit on
Steel , Coal & Cement
01-02 March 2023 | The Soaltee - Kathmandu, Nepal
Chance to Meet
250+ Delegates | 20+ Exhibitors | 20+ Speakers
Partners
Platinum Partner: ELECTROTHERM
Gold Partners: JFPL, अशोक TMT
Silver Partners: megatherm, INDUCTOTHERM GROUP
Supported By
Federation of Contractors' Associations of Nepal
Nepal Chamber of Commerce
Cement Manufacturers Association of Nepal
Independent Power Producers' Association, Nepal
Scan for More Details
For Registrations Passes
SteelMint +977 980-9466137 +91 90092 22344
Hosted By : Vogue Ad & Event Management

# मिष्ठान भण्डारका मिठाइमा बिषाधीयुक्त

मधेशदृष्टि
वीरगंज,१० फागुन । वीरगंज महानगरपालिका भित्र संचालित मिष्ठान भण्डार तथा मिठाई पसलेहरुले मिठाइको नाममा बिषाधी मिसावट गरी विक्रि वितरण गरिरहेको पाइएको छ।

विभिन्न किसिमको पाउडर, केमिकल लगायत बिषाधीयुक्त सामग्री प्रयोग गरी विक्रि वितरण गर्ने गरेको पाइएको हो ।

वीरगन्जको मिना बजार, माईस्थान, विर्ता, आदर्शनगर, मूर्लि लगायत नगर क्षेत्र भित्र र जिल्ला भित्र संचालित मिष्ठान भण्डारहरुले शुद्ध मिठाई नबेच्ने गरेको सर्वसाधारणको गुनासो पनि छ। मिठाइमा प्रयोग भएका रंग ( कलर ) त झन बिषाधीयुक्त केमिकल प्रयोग गर्ने गरेको खुलेको छ।

भारतको उत्तरप्रदेशमा बाह्रवंकी र विहारको पटनामा अखाद्य बस्तुको मिसावट गरेर खुवा ( छेना ) तयार गरी त्यहाँबाट पनि आयात गर्ने गरेको एक कारोवारीले खुलासा गरे । ती मिठाइहरु दुध प्रयोग गरी बनाइए जस्तो देखिए पनि एक प्रतिशत पनि गाईभैंसीको दुध प्रयोग नहुने गरेको उनको भनाइ छ।

सीमावर्ती क्षेत्रमा कार्यरत सुरक्षाकर्मीले पनि सय पचासको प्रलोभनमा परी मिठाइ त हो नि भनी छोडिदिंदा अखाद्य मिठाइले बजार ढाकेको छ । उताबाट त्यसरी ल्याइएको मिठाइहरु वीरगन्जको एक गोप्य ठाउँमा तस्करी गरी ल्याएर राखी त्यहिबाट धेरै मिठाइपसलमा खुवा, पेडा, सरभरी, रस्मलाई जस्ता मिठाइ विक्री वितरण हुने गरेको पनि श्रोतको दावी छ।

वीरगन्ज महानगरपालिकाका खाद्य विभागका प्रमुख नितिनलाल दासले पनि बजारमा अखाद्य रंगहरु प्रयोग भएका मिठाई विक्री वितरण हुने गरेको स्वीकारे। आफ्नो शाखामा आफू मात्र एक्लै भएको कारण अनुगमनमा कडाई गर्न र मिठाई परिक्षण गर्न महानगरले मात्र नसकेको उनको तर्क छ । यता उपभोक्ता हित संरक्षण मंच वीरगन्जका अध्यक्ष अजित भुजेलले पनि बजारमा बिक्री वितरण हुने मिठाई खान योग्य नरहेको दावी गरे । मिठाइको गुणस्तर जाँच गरिदैन । जसले गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल प्रभाव परिरहेको उनको भनाइ छ। मिठाइ पसलमा काम गर्ने एक मिस्त्रीले पनि नक्कली खुवा बाट मिठाई तयार हुने गरेको खुलासा गरे । मधेशका जिल्लाहरुमा मिठाइको माग अत्याधिक छ।

चाडपर्व, विवाह, ब्रतबन्ध, उत्सव र होलीमा मिठाइको माग अत्याधिक बढ्छ । यस्तो समयमा उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पुग्ने मिठाइ विक्री वितरणले उपभोक्ता सिधै रोगको शिकार हुने गरेका छन्। अन्त्वतोगत्वा उनीहरु मृत्युको मुखमा पुग्ने गरेको स्वास्थ्यकर्मीहरुले पनि तर्क गरे।

# छात्रवृत्ति स्वरुप विद्यालयमा पोशाक वितरण



आरके श्रीवास्तव
गरुडा,१० फागुन । रौतहटको फतुवा बिजयपुर नगरपालिकाको एक बिधालयमा बुधवार छात्रवृति स्वरुप पोशाक वितरणको कार्य सुरु गरिएको छ। सो नगरपालिकाको वडा नम्बर २ सितलपुरमा रहेको श्री माध्यमिक बिधालयमा अध्यनरक्त छात्रछात्राहरुलाइ विद्यालय पोशाक वितरण कार्यक्रम सम्पन्न भएको छ । बुधवार अभिभावक भेला बोलाइ पोशाक वितरणका साथै बिधालयको विभिन्न विषयमा छलफल गरिएको हो । सो वडाका वडा अध्यक्ष अनिरुद्ध प्रसाद यादव उर्फ संजयको अध्यक्षतामा भएको कार्यक्रममा बिधालयमा पढने दर्जनौं विद्यार्थीलाई पोशाक वितरण गरिएको हो । बिधालयमा करिब ८ सय बिधार्थीहरु पढने गरेका छन् । ती सबै बिधार्थीहरु करिब ३ लाखको लागतमा पोशाक वितरणको कार्य सुरु गरिएको प्रधानाध्यापक बुनिलाल यादवले जानकारी गराए । कार्यक्रममा बोल्दै वडा अध्यक्ष यादवले बिधालयमा एकरुपता ल्याउन केहि छात्रवृक्तिको रकम र केहि बिधालय बाट रकम छुट्टयाएर कपडा खरि गर्न लगाइ पोशाक वितरण गराएको बताए । आफनो वडामा रहेको बिधालयको अवस्था पहिला भन्दा अहिले धैरै सुधार भएको र अझैं गर्न आफू लाग्ने विश्वास दिलाए ।

अभिभाव भेलामा छात्रवृक्ती वितरण,पोखरि ठेक्का,बहिरा शिक्षाको अनुगमन तथा अनुमोदन र कक्षाकोठामा सेतोपाटीको व्यवस्थापन सम्बन्धमा छलफल गरिएको थियो । साथै अगामी फागुन १४ गते अभिभावक बैठक बसी पोखरि ठेक्का लगाउने निर्णय समेत गरिएको प्रअ यादवले बताए । पोखरि ठेक्का लगाउने विषयमा उक्त वडामा विवाद रह्दै आएको थियो । नगरपालिकाले फुकुवा गरेसँगै पुनः ठेक्का प्रक्रिया अगाडी बढाइने भएको छ ।

सो अवसरमा भू.पु प्रअ गगनदेव प्रसाद यादव,बिधालयका लेखापाल महेश यादव,शिक्षाप्रेमी ब्रह्मदेवरायादव,रामअयोध्याप्रसादयादव,रामअशिष यादव,रविन्द्र कुमार निधी,रामएकवाल दास लगायत शिक्षक,शिक्षिका,बिधार्थी,अभिभावकहरुको उपस्थिति रहेको थियो ।

# मिथिला परिक्रमा तेस्रो दिन गिरिजास्थानमा विश्राम



मधेशदृष्टि
जनकपुरधाम, १० फागुन । मिथिलाको महाकुम्भ मानिने ‘ मिथिला माध्यमिकी परिक्रमा’मा सहभागी श्रद्धालुहरू बुधबार तेस्रो दिन नेपाल-भारतको सिमावर्ती क्षेत्र गिरिजास्थान पुगेका छन् ।

भारतको कल्याणेश्वरबाट पदयात्रा गर्दै परिक्रमाबासीहरू बुधबार गिरिजास्थान पुगेका हुन् ।धनुषाको ठेरा कचुरीस्थित मिथिलाबिहारी मठबाट सोमबारदेखि सुरु भएको मिथिला माध्यमिकी परिक्रमा पहिलो दिन हनुमानगरमा विश्राम गर्दै मंगलबार बिहान कल्याणेश्वरको लागि प्रस्थान गरेको थियो ।मंगलबार यात्रीहरूले कल्याणेश्वर स्थान (कलना)मा विश्राम गरेर बुधबार बिहान गिरिजास्थान पुगेका छन् ।परिक्रमामा सहभागीहरू बिहीबार महोत्तरीको मटिहानी, शुक्रबार जलेश्वर, शनिबार मडै, आइतबार ध्रुवकुण्ड, सोमबार कञ्चनवन, मंगलबार पर्वता, बुधबार धनुषाधाम, बिहीबार औरही, शुक्रबार विशौल हुँदै शनिबार पुनः कल्याणेश्वर र त्यसपछि पूर्णिमाका दिन आइतबार जनकपुरधाम फर्कने छन् । कञ्चनवनमा अग्निकुण्ड मन्दिरको आयोजनमा परिक्रमामा सहभागीहरूले एक आपसमा होली खेलेपछि औपचारि करूपमा होलीको सुरुवात भएको मानिन्छ । हरेक वर्ष हुने परिक्रमामा भक्तजनले १५ दिनमा नेपालको १०५ र भारतको २८ गरि कूल १३३ किलोमिटरको दूरीमा पैदल यात्रा गर्छन् ।पवित्र धार्मिक स्थलहरूको परिक्रमा गर्दा पाप नाश हुनुका साथै पुण्य मिल्ने जनविश्वास छ । परिक्रमा अवधिभर सहभागीहरूले झाँकी, भजनकीर्तन पनि गर्छन् । मिथिलाको महाकुम्भ भनेर चिनिने यस महामहोत्सवमा हजारौंको सहभागिता रहने गरेपनि यस धार्मिक यात्रालाई व्यावसायिक रूप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले बताए ।परिक्रमामा सहभागीहरूका लागि प्रत्येक वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाउने गरेको छ । परिक्रमा गर्नेहरू राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् । स्थानीय बासिन्दाहरूले पनि सहभागीका लागि अन्न, दाउराको प्रबन्ध मिलाउँछन् ।नेपाल भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीक बनेको यस परिक्रमा यात्रामा नेपालको १३ तथा भारतको २ गरी जम्मा १५ वटा विश्रामस्थलहरू छन् । मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आएको हो ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारवटै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षिरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ ।

# असईको हत्या गरेको अभियोगमा प्रहरी जवानलाई जन्मकैद




मधेशदृष्टि
सप्तरी, १० फागुन। सशस्त्र प्रहरीका असईको हत्या गरेको अभियोगमा प्रहरी जवानलाई जन्मकैदको सजाय तोकिएको छ।

जिल्ला अदालत सप्तरीका न्यायाधीश नविनकुमार जोशीको इजलाशले सशस्त्र प्रहरी जवान ३९ वर्षीय होमबहादुर खत्रीलाई जन्मकैद सजाय तोकिएको हो ।खत्रीले सशस्त्र प्रहरी बल गण नम्बर ६ हेडक्वाटर राजविराजमा दरबन्दी भई छिन्नमस्ता गाउँपालिका-३ मोहनपुरस्थित सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट (बीओपी)मा कार्यरत ४५ वर्षीय असई सत्यनारायण यादवको हत्या गरेका थिए।

जिल्ला न्यायाधीश श्यामबिहारी मौर्यको इजलाशले कात्तिक २२ गते खत्रीलाई पुर्पक्षका लागि कारागारमा पठाउने आदेश दिएको थियो ।अदालतले अभियुक्त खत्रीलाई जन्मकैदका साथै ३ लाख रुपैयाँ क्षतिपूर्ति भराउने र फौजदारी कसूर पीडित राहत कोषमा २ हजार ८ सय रुपैयाँ जम्मा गराउने फैसला गरेको हो ।बयानका क्रममा अभियुक्त खत्रीले २०७९ असोज १९ गते राति असई यादवको हत्या गरेको स्वीकारेका थिए । खत्रीले वियर खाएर यादवले आफूमाथि लाठीले हिर्काएको बताएका थिए।

रिस थाम्न नसकी हुत्याउँदा यादवको टाउकोमा चोट लागेको र दोर्होयाएर धकेल्दा टाउको पछाडि ठोक्किएर घ्यार घ्यार गर्न थालेपछि घाँटी थिचेर हत्या गरेको खत्रीले बयानमा भनेका थिए।

# सिरहाको मिर्चैयाबाट दिनदहाडै व्यसायी लुटिए

मुकेश कुमार यादव
सिरहा, १० फागुन । सिरहामा दिनदहाडै मनिट्रन्सफर व्यसायी लुटिएका छन् । मिर्चैयास्थित ग्लोवल आईएमई बैंकबाट नौ लाख रुपैयाँ लिएर कल्याणपुर जाँदै गरेको मनि ट्रान्सफरका कर्मचारीबाट बुधबार अपरान्ह लुटेराले ९ लाख रुपैयाँ लुटेर फरार भएका हुन् ।

कल्याणपुर नगरपालिका ११ मा रहेको राजाराम सव मनि ट्रान्सफरको लीगि मिर्चैयास्थित ग्लोवल बैंकबाट ९ लाख रुपैयाँ मिर्चैया-कल्याणपुर सडक अन्तर्गत मिर्चैया नगरपालिका ३ वतहा खोलाको पुल नजिकैबाट चार जनाको समूहमा रहेका लुटेराहरुले लुटपाट गरेको इलाका प्रहरी कार्यालाय मिर्चैयाका प्रमुख डीएसपी हरिकृष्ण केसीले जानकारी दिए।

उनले मोटरसाइकलमा रहेका लुटेराहरुले मनि ट्रान्सफरका कर्मचारीहरुलाई हात हतियार देखाएर कुटपीट समेत गरेको प्रहरीले बताए। उनले भने, ‘अहिक एकान्तजस्तो ठाउँ रहेछ, एम्वुस थापेर बसेका लुटेराहरुले उनीहरुलाई हतियार देखाएर कुटपीट पनि गरेको रहेछ।’

उनले रकम लुटिएको भन्ने थाहापाउना साथ सवै नाकाहरुमा खोजतलासको लागि प्रहरी परिचालन गरिएको जनाए। घटनाको बारेमा अनुसन्धान गरिरहेको बताए। यस अघि पनि सो मनि ट्रन्सफरको रकम यहि क्षेत्रबाट लुटिएको थियो।

# लागू औषध सहित तीन पक्राउ



मधेशदृष्टि
सिरहा, १० फागुन । प्रहरीले लागूऔषध गाँजासहित सिरहाको मिर्चैयाबाट तिन जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरिक्षक रविन्द्र राज पाण्डेका अनुसार पक्राउ पर्नेहरुमा सिरहा मिर्चैया नगरपालिका -५ का ४६ वर्षीय कुशेश्वर यादव, धनगढीमाई नगरपालिका वडा नम्बर १४ का ३६ वर्षीय गौरव शाही र धनगढीमाईका २४ वर्षीय काले भन्ने भूपेन्द्रबहादुर रहेका छन्।

ईलाका प्रहरी कार्यालय मिर्चैया सिरहाका प्रहरी नायव उपरिक्षक हरि केसीको निर्देशनमा खटिएको प्रहरी टोली र लागूऔषध नियन्त्रण ब्यूरो सिरहाबाट खटिएको संयुक्त प्रहरी टोलीले गोप्य सूचनाको आधारमा सिरहा मिचैया नगरपालिका वडा नं. ६ कटारी चोकमा बिक्री वितरणको लागि लैजादै गर्दा प्रहरीले चेक जाँच गर्ने क्रममा उनीहरुले बोकेको कालो झोलाबाट अवैध लागूऔषध गाँजा १० किलो ५०० ग्राम बरामद गरी निजहरुलाई पक्राउ गरिएको हो ।पक्राउ परेका तीन जनालाई सिरहा जिल्ला अदालतबाट लागूऔषध मुद्दामा ७ दिनको म्याद लिइ ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट थप अनुसन्धान कार्य भइरहेको गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवम प्रहरी नायव उपरिक्षक पाण्डले जनाएको छ।

# भन्सार छलेर ल्याइएको कुखुरा नष्ट

मधेशदृष्टि
जनकपुरधाम, १० फागुन । भन्सार छलेर ल्याइएको ब्वाइलर कुखुरा धनुषा प्रहरीले नियन्त्रणमा लिई नष्ट गरेको छ।

धनुषा धनौजी गाउँपालिका १ बाट ६४ वटा कुखुरा बरामद गरी नष्ट गरेको छ। भारतबाट भन्सार छलेर ल्याएको कुखुरा धनीले प्रहरी देख्न साथ फरार भएका थिए । सार्वजनिक सडकमा वेवारिसे अवस्थामा प्रहरीले कुखुरा देखेपछि नियन्त्रणमा लिएको थियो।

त्यसपछि प्रहरीले प्रदेश २-०२-००४ प. ७८१४ नम्बर प्लेटको मोटरसाइकलमा रहेको उक्त कुखुरा स्थानीयको रोहबरमा नष्ट गरेका छन् भने मोटरसाइकल जनकपुर भन्सार कार्यालयमा पठाउने तयारी गरेका छन् । पछिल्लो समय सीमा क्षेत्रमा भइरहेको तस्करी कारोबारमा कडाई गरेको प्रहरीहरुले बताउँदै आइरहेका छन्।

# स्थानीय सरकारद्वारा जग्गा वर्गीकरण नगर्दा सर्वसाधारण मारमा

आरके श्रीवास्तव
गरुडा,१० फागुन । रौतहटमा अधिकांश स्थानीय सरकारद्वारा जग्गा वर्गीकरण नगर्दा सर्वसाधारण मारमा परेका छन् । आफ्नो क्षेत्रभित्रका जग्गा वर्गीकरण गर्ने कार्यलाई बेवास्ता गरेको पाइएको छ । जग्गा वर्गीकरणका लागि विभागले दिएको समय-सीमाभित्र स्थानिय सरकारले सो कार्य नगरेका कारण यसप्रति बेवास्ता गरेको देखिएको हो।

मालपोत कार्यालय मौलापुरका प्रमुख बबुनन्दन साह सँग बुझ्दा मौलापुर माताहतको देवाही गोनाही नगरपालिका बाहेक अन्य पालिकाले जग्गा वर्गीकरण नगरेको बताए। केहि पालिकाको तयारी अन्तिम चरणमा रहेको जानकारी दिए।

उनले भने स्थानिय सरकारलाइ परिपत्र मेलबाट, लिखित रूपमा र मौखिक रूपमा फोन गरेर जानकारी गराउँदा पनि अहिले सम्म पनि जग्गा वर्गीकरण नपठाएको बताए।

केहि नगरपालिकाले भूवर्गीकरण गर्ने कसरतसमेत नगरेकाले सेवाग्राही मर्कामा परेका छन्। भूमि वर्गीकरण गर्ने काम जटिल भए पनि विभागले यसलाई वर्गीकरण गर्न भू-उपयोग क्षेत्र वर्गीकरणका आधार तथा मापदण्डसमेत तयार गरेर पठाइसकेको छ । मालपोत कार्यालयहरुलेपनि जग्गावर्गीकरण गर्न पत्र पठाइ सकेका छन् । तर पनि स्थानिय सरकारको ध्यान छैन् । भू-वर्गीकरण नहुँदा सर्वसाधारणलाई मर्कामा छन् भने मालपोतबाट उठ्ने राजस्वमा पनि कमी आएको मालपोत कार्यालयले जनाएको छ । अंशबण्डा, दर्ताफारी, कित्ताकाटजस्ता काम रोकिएकाले मालपोतबाट संकलन हुने राजस्वमा कमी आएको बुझिएको छ। यता जिल्लाको गुजरा नगरपालिकाले जग्गा वर्गीकरणको काम सकाएर नापी कार्यालय चन्द्रपुर जिम्मा लगाएको नगरप्रमुख सन्तलाल चौधरीले बताए । अब छिट्टै किताकाट लगायतको काम सुरु हुने उनले बताए।

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठूलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# मिथिला मध्यमा परिक्रमाका श्रद्धालुहरुका लागि समुहको हेल्प डेस्क सक्रिय

मधेशदृष्टि
जनकपुरधाम, १० फागुन। हिन्दू धर्मावलम्बीहरुको आस्थाको केन्द्र १५ दिने मिथिला मध्यमा परिक्रमाका श्रद्धालुहरुका लागि नेपाल-भारत खुला सीमा सम्वाद सूहले हेल्प डेस्क सञ्चालन गरिरहेको छ।

मिथिला मध्यमा परिक्रमाको बुधबार तेस्रो दिन भारतको मधुबनीस्थित गिरजा स्थानमा नेपाल-भारत खुला सीमा सम्वाद समूह मधुबनीद्वारा आयोजित हेल्प डेस्क कार्यक्रममा निःशुल्क सेवा शिविर सञ्चालन गरिएको छ। समूहका मधुबनी जिल्ला अध्यक्ष डा.रोहित झाको अध्यक्षतामा निःशुल्क प्राथमिक उपचार सहित चिया र पानीको व्यवस्था गरिएको समूहका केन्द्रीय अध्यक्ष राजीव झाले जानकारी दिएका छन्।




मधुबनीमा आयोजित हेल्प डेस्कमा डा.रोहित झा, अनिल भारती, उग्रनोश झा, डा.रामकृपाल महतो, कृष्णनन्द ठाकुर, देवेन्द्र झा, उदय झा, अरुण ठाकुर, गुड्डु झा लगायतले श्रद्धालुहरुलाई सेवा दिइरहेका छन्।

यसअघि, मिथिला मध्यमा परिक्रमाको पहिलो दिन नेपालको हनुमानगढी जनकपुरधाममा साधुसन्त, महात्मा तथा श्रद्धालु भक्तजनहरुको सुबिधालाई ध्यानमा राखी कार्यालय सचिब कृष्ण कुमार साहको अध्यक्षतामा हेल्प डेस्क स्थापना गरिएको थियो। जसमा प्राथमिक उपचार सहित चिया र पानीको व्यवस्था गरिएको थियो।

ओढ्ने र बिछाउन गार्हो भएको साधुसन्तहरुकालागि कम्बल र झुल समेत बितरण गर्ने नेपाल भारत खुला सिमा संबाद समुहको सह सचिब रामजी राय ले बताएका छन्।

उक्त हेल्प डेस्कमा जिल्ला समन्वय समितिको सभापति राजनन्दन मण्डल,जनकपुरधाम उपमहानगरपालिकाको उपमेयर किशोरी साह,तमलोपाकी नेत्री बिभाठाकुर,क्लोथबैंककोकोषाध्यक्षरुबि झा, सचिब मनिष श्रीओम,नेपाल तरुण दलको नेता राकेश बिक्रम साह,धनेश्वर ठाकुर,पारस ठाकुर,सुनिल कुमार गुप्ताको सहभागीतामा संचालन गरिएको थियो।

# अवैध संचालित तीनवटा स्वास्थ्य संस्थालाई शिलबन्दी

मधेशदृष्टि, वीरगंज, १० फागुन। वीरगञ्ज महानगरपालिका वडा नम्वर ४ विर्तामा स्वीकृति बिना नै अवैध रुपमा संचालनमा रहेका तीन वटा स्वास्थ्य संस्थालाई सिलबन्दी गरिएको छ।

वीरगञ्ज महानगरपालिकाद्वारा गठित स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण समितिको नेतृत्वमा गएको अनुगमन टोलीले स्वीकृति बिना संचालनमा रहेका तीन वटा स्वास्थ्य संस्थामा सिलबन्दी गरेको हो। टोलीले चित्रांस पोली हेल्थ क्लिनिक, त्यसै अन्तर्गत रहेको प्याथोलोजी ल्याब र श्री गणेश डाइग्नोस्टिक सेन्टर महानगरपाकिलाबाट स्वीकृति बिना अवैध रुपमा संचालन गरिएको भेटेपछि सिलबन्दी गरेको समितिका सदस्य जयप्रकाश महतोले जानकारी दिएका छन्।




तीन वटै स्वास्थ्य संस्था स्वीकृति बेगर संचालन हुनुका साथै प्याथोलोजी ल्याबहरुले म्याद नाघेका केमिकल तथा औषधी प्रयोग गरेर रिपोर्ट तयार गर्ने गरेको भेटिएको समेत महतोले बताए। महानगरपालिकाले गएको एक सातादेखि वीरगञ्जमा संचालित प्याथोलोजी तथा क्लिनिकहरुको अनुगमन गर्दै आएको वीरगञ्ज महानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रितेश जयसवालले जानकारी दिए। अवैध रुपमा संचालित ३ बटै स्वास्थ्य संस्थालाई बुधवार जिल्ला प्रशासन कार्यालय, वीरगञ्ज महानगरपालिका र प्रहरीको उपस्थितिमा लाहाछाप लगाएर सिलबन्दी गरिएको जयस्वालले बताए। यसैगरी टोलीले अनुगमनका क्रममा तराई डाइग्नोस्टिक, शुभम क्लिनिक र वीरगञ्ज डेन्टल क्लिनिक एण्ड इम्प्लान्ट सेन्टर मापदण्ड विपरित संचालनमा रहेको भेटिएकाले उनीहरुलाई तत्काल बन्द गर्न र मापदण्ड पुरा गरेर मात्रै संचालन गर्न चेतावनी दिइएको स्वास्थ्य शाखा प्रमुख जयसवालले जानकारी दिए।

# भन्सार छलीका लत्ताकपडा तथा हार्डवेयर पार्टस नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, १० फागुन।
पर्सा प्रहरीले अवैध रुपमा भन्सार छली ल्याउदै गरेको २५ लाखभन्दा बढीको खाद्यान्न लत्ताकपडा तथा हार्डवेयर पार्टससहित १ ट्रक नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साले वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ ईनर्वागाउँ स्थित सडकखण्डबाट अवैध रूपमा भन्सार छली ल्याउदै गरेको ना.७ ख ७९७७ नम्बरको ट्रक नियन्त्रणमा लिएको हो। प्रहरीले शंका लागि चेकजाँच गर्ने क्रममा मालवाहक ट्रकमा को चालक बस्ने क्यावीनको सिटमुनी लुकाइ छिपाई सर्ट, पाईन्ट तथा सर्टिङ सुटिङका थान लगायतका कपडाहरू अन्यत्र स्थानमा लैजाँदै गरेको अवस्थामा उल्लेखित नम्बरको ट्रकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यलय पर्साका प्रह्री प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिएका छन्।

बरामद गरिएका सामानहरुको रू.१ लाख ७ हजार ८ सय र ट्रकको रू.२० लाख गरी २१ लाख ७ हजार ८ सय मूल्याकंन गरी आवश्यक कारवाहीको लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको डिएसपी गिरीले बताए। यसैगरी पर्सा प्रहरीले विभिन्न स्थानहरूबाट भन्सार छली नेपाल भित्राउन लागेको खाद्यान्न, लत्ताकपडा तथा हार्डवेयर पार्टसहरु बरामद गरेको छ। जिल्ला प्रहरी कार्यलय पर्साबाट खटिएको चेकीङ टोलीले अवैध रुपमा भन्सार छलीको ४ लाख ४७ हजार ८ सय ७० रुपैया बराबरको सामग्री नियन्त्रणमा लिएको र आवश्यक कारवाहीको लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको पर्साका प्रहरी प्रवक्ता दिपक गिरीले बताए।

# प्रहरीको जनचेतनामूलक कार्यक्रम




मधेशदृष्टि
सप्तरी, १० फागुन। सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रम गरेको छ। प्रहरीले सामुदायिक प्रहरी साझेदारी अवधारणा अनुरुप जिल्लाको विभिन्न स्थानमा रहेका प्रहरी युनिटहरुको अगुवाई र आम सर्वसाधारणको सहभागितमा जनचेतनामूलक कार्यक्रम गरेको हो।

जिल्लाको विष्णुपुर गाउँपालिका वडा नम्बर ३, खडक नगरपालिका वडा नम्बर २, रुपनी गाउँपालिका वडा नम्बर १, बलान बिहुल गाउँपालिका वडा नम्बर २, मा आगलागी नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिएको छ।

यसैगरी बोदे बरसाईन नगरपालिका वडा नम्बर ८ मा भेटघाट तथा अन्तक्रिया, वडा नम्बर ९, मा लागुऔषध सम्बन्धी र तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ६ मा महिला हिंसा तथा बालविवाह सम्बन्धी कार्यक्रम गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। कार्यक्रममा दुईसय जना सर्वसाधारणले सहभागिता जनाए।

त्यस्तै जिल्ला ट्राफिक प्रहरी कार्यालयले पुर्व पश्चिम राजमार्ग अन्तर्गत कदमाहा, महुली र भेडिया तथा बलान बिहुल गाउँपालिका वडा नम्बर ४ मा गरी दुईसय ८५ जना सवारी चालक तथा यात्रुहरु समेतको सहभागितमा सवारी दुर्घट्ना न्यूनिकरण सम्बन्धी कार्यक्रम गरेका छन्।सामुदायिक प्रहरी साझेदारी अवधारणा अनुसार स्थानियबासी भद्रभलादमी बुद्दिजिवी, समाजसेवी र महिलाहरुको सहभागितामा सचेतनामुलक कार्यक्रम गरिएको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।

# अवैध मदिराको तस्करी बढदो

मधेशदृष्टि, वीरगंज, १० फागुन। होली पर्वको मध्यनजर गर्दै नेपालका सिमावर्ती जिल्लाहरुबाट भारत तर्फ अवैध रुपमा मदिराको तस्करी शुरु भएको छ। बिहारमा मदिराको विक्री वितरणमा प्रतिबन्ध लगाईएको कारण चाडपर्वमा नेपाल तर्फबाट दुवै देशका सुरक्षाकर्मीहरुको मिलोमतोमा मदिराको तस्करी हुदै आएको छ। तस्करहरुले साइकल, मोटरसाइकल, जिप तथा विभिन्न सवारी साधन प्रयोग गरी सीमाबाट मदिरा ओसारपसार गरेका छन्। जिल्ला स्थित सुरक्षा अधिकारी भने मदिरा नियन्त्रणको प्रयास जारी रहेको दाबी गरे पनि तस्करी नरोकिएको स्थानिय वासिन्दाले बताएका छन। यसैविच रौतहटमा प्रहरीले आईतवार स्कर्पियो जिपसहित तीन जना भारतीयलाई ठूलो परिणाममा रहेको मदिरा सहित नियन्त्रणमा लिएको छ। रौतहटको गौरबाट डीएल ४ सीएनबी ०६१६ नम्बरको स्कर्पियो गाडीमा लुकाएर भारत तर्फ लैजान लागेको ५ सय ७० बोतल सौंफी मदिरासहित भारत बिहार मोतिहारी जिल्ला ग्राम पचपकडी-१३ का नरेश महतो, ओमप्रकाश कुमार र कसवाकपुर पकरी-१६ का महमद सलमानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। सीमाक्षेत्रमा मदिराको ओसारपसार निरन्तर चले पनि सुरक्षाकर्मीले संलग्नलाई पक्रेर कारबाहीको नाममा भन्सारमा बुझाएर छाड्दै आएपछि यसको कारोवार नियन्त्रणमा आउनुको साटो बढदै गएको छ।

# पर्सागढीमा मानव सेवा केन्द्रको भवन शिलान्यास

मधेशदृष्टि
वीरगंज, १० फागुन।
पर्साको पर्सागढि नगरपालिका-३ मा बुधवार श्री आमोदेबि मानव सेवा केन्द्रको भवन निर्माणको शिलन्यास गरिएको छ।

पर्सागढीका नगरपालिकाका नगरप्रमुख गोकर्ण पाठकले उक्त दुई कोठे भवन निर्माण कार्यको शिलन्यास गरेका हुन। नगरप्रमुख पाठकले मानव सेवा गर्ने उद्देश्यले संचालित यस सस्थांको भवन कार्यको सुरुवात गरिनु पर्साको ग्रामीण भेगकै उदाहरणीय रहेको बताएका छन्।

उनले आगामी दिनमा समेत नगरपालिकाले बिकास निर्माणका कार्यमा थप सहयोग उपलब्ध गराउने प्रतिबद्धक्त व्यक्त गरे। पालिकाको चालु आर्थिक वर्ष ०७९/०८० को बजेटबाट रु १२ लाख र आमोदेवि मानव सेवा केन्द्रको रु ५ लाख गरि जम्मा १७ लाख लागतमा भवन निर्माणको कार्यको थालनी गरिएको मानव सेवा केन्द्रका अध्यक्ष असोक बुर्लाकोटिले बताए। मानव सेवा गर्ने उद्देश्यले आमोदेवि मानव सेवा केन्द्रको भवन निर्माणको लागि २०७७ पुस १५ गते देखि श्री मद् भागवत महायज्ञको आयोजना भएको थियो।

# वडा अध्यक्ष महतोद्धारा विष्णु महायज्ञको उद्घघाटन

आरके श्रीवास्तव
गरुडा,१० फागुन। रौतहट जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर १ भसेडवा टोल बडेडवामा रहेको श्री राम जानकी मठमा बुधवार देखि श्री विष्णु महायज्ञ औपचारिक रुपमा शुरु भएको छ। एक कार्यक्रमका बिच सो वडाका वडा अध्यक्ष भूपेन्द्र महतो कोइरीले उद्धघाटन गरका छन्।

शुरु भएको विष्णु महायज्ञमा १ हजार ५ जना कन्या द्वारा कलश यात्रा निकालिएको थियो। लालबकैया नदिबाट जल बोझी गरि बरेडवा सम्म कलश यात्रा निकालिएको थियो। बुधवारबाट सुरु भएको यज्ञमा विष्णु भगवानको ५२ अवतारको मुर्ति समेत बनाइएको छ।

विष्णु महायज्ञ मेला ९ दिन सम्म लाग्ने आयोजकले जानकारी गराएको हो। नौ दिवसीय श्री विष्णु महायज्ञ एवं श्रीमद्भागवत कथा हुने भएको छ। यस विष्णु महायज्ञमा श्रीमद्भागवत कथाका बारेमा जानकारी गराइने बुझिएको छ।

यस महायज्ञमा सम्पुर्ण देशवासीहरु लाई उपस्थित र यथासम्भव सहयोग गरि सफल पारि महापुण्यको भागि बनिदिनुका लागि आयोजकले अनुरोध समेत गरेको छ।

# अनाथालयका बालबालिकाहरूलाई भोजन



मधेशदृष्टि
गरुडा,१० फागुन। वार्षिकोत्सवको अवसरमा अनाथालयका बालबालिकाहरूलाई भोजन खुवाइएको छ। नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड परिवारले आफ्नो ३६ औं वार्षिककोत्सवको अवसरमा गरुडा नगरपालिका वार्ड नम्बर ४ मा अवस्थित श्री बंशीराम जायसवाल अनाथलयका बालबालिकाहरूलाई भोजन खुवाई खुशी साटासाट गरेर मनाएका छन्।

असहाय बालबालिकाहरू प्रतिको यो उदारता सम्मानीय र अनुकरणीय रहेको भन्दै अनाथालय परिवारले प्रशंसा गरेको छ। साथै सम्पूर्ण अनाथालय परिवारको तर्फबाट नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडलाई हार्दिक आभार र प्रगतिको कामना समेत गरिको छ। यस्तै किसिमको खुशीका पलहरू साट्न श्री बंशीराम जायसवाल अनाथलय गरुडाले अनुरोध समेत गरेको छ।

अनाथालयमा दर्जनौं बालबालिका आश्रित रहेका छन्। अनाथ, टुहुरालाई आश्रय दिँदै आएको गरूडाको बंशीराम जयसवाल अनाथालय विभिन्न दाताको सहयोग र अनुदानमा अनाथालय बालबालिकाको भरोसा बन्दै आएको छ। अनाथालयमा बेलाबेलामा हुँदै आएको विभिन्न किसिमको सहयोगले सञ्चालन भइरहेको छ।

# महानपाद्वारा अतिक्रमण हटाउन सुरु

मधेशदृष्टि
वीरगंज, १० फागुन।
वीरगंज महानगरपालिकाले आर्दशनगर क्षेत्रमा वर्षायाममा हुने डबानको समस्या समाधान गर्न १० फिटे नालाको अतिक्रमण हटाउन सुरु गरेको छ।

सो क्रममा बुधवार आर्दशनगर स्थित १० फिटे नालाको दुबैतर्फबाट अतिक्रमण भएको भेटिएपछि अतिक्रमण गरि बनाईएका संरचना डोजर लगाएर खाली गर्नुका साथै बन्द रहेका नालाको बहाबलाई खोलिएको समेत महानगरपालिकाका सरसफाई अधिकृत सरफुद्दिन मियाले जानकारी दिएका छन्।

अतिक्रमण हटाउने अभियानमा महानगरपालिकाका कर्मचारी, नगर प्रहरीको सहभागिता रहेको महानगरपालिकाका सरसफाई तथा वृक्षारोपण समीतिका संयोजक प्रकाश खेतानले जानकारी दिए।



सम्पादकीय

## वीरगंज नाका गम्भीरता आवश्यक

नेपाल भारतको मुख्य प्रवेशद्धारको रुपमा चिनिन्छ वीरगज भन्सार क्षेत्र । भंसार क्षेत्रबाट नेपालतर्फ करिव ५ सय मीटरमा चेकजाँचको शिलशिला सुरु हुन्छ ।

नेपाल भारत सीमामा रहेको मितेरी पुल कट्ने वित्तिकै नेपाल तर्फ सशस्त्र प्रहरीको चेकिङ्ग प्वाइन्ट छ । त्यसपछि शंकराचार्य गेटमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त चेकिङ्ग प्वाइन्ट छ । सशस्त्र प्रहरी र प्रहरीको दुई तहको चेकजाँच पछि पालो आउँछ वीरगंज भंसार कार्यालयका कर्मचारीको चेकजाँच । त्यहाँ पनि सशस्त्र प्रहरीको चेक प्वाइन्ट छ र रजतजयन्ती चोकमा नेपाल प्रहरीको बेग्लै चेक प्वाइन्टमा थप चेकजाँच हुन्छ ।

मितेरी पुलदेखि रजतजयन्ती चोकसम्म करिब ५ सय मीटरमा ६ स्थानमा चेकजाँच हुन्छ तर पनि भारतको रक्सौलदेखि वीरगंज बजारसम्म तस्करीका सामान, लागुऔषध, हुण्डीको रकम, हातहतियार जस्ता सामानहरु वीरगंजसम्म कसरी आइपुग्छन ?

आधा किलोमिटरमा आधा दर्जन भन्दा बढि चेकजाँच तर पनि खुलेआम तस्करी, लागुऔषध, हातहतियार वीरगंजसम्म कसरी आइपुग्छ ? देख्दा र सुन्दा आश्चर्य लाग्न सक्छ । तर यस्तो अजबको चेकजाँच र गजबको तस्करी मुलुककै मुख्य प्रवेशद्वार वीरगन्ज भंसार नाकामा हुने गरेको छ ।

वीरगन्ज भंसार कार्यालय भएर नेपाल प्रवेश गर्ने जो कोही नव आगन्तुहरु एकपछि अर्को गर्दै कडा चेकजाँच भएर नेपाल प्रवेश गर्न पाउँछन् । नेपाल भारतको यो सीमानाकामा आपातकालकै अवस्था जस्तै चेकजाँच कटेर मात्रै प्रत्येक भारतीय प्रर्यटकलाई गुज्रिनु पर्दछ ।

सीमावर्ती जनताले घरायसी समान खरिद गरेर आउँदा सबै चेकजाँचबाट आजित हुने गरेका छन् । सानोतिनो घरायसी सामान किनेर आउने नेपाली नागरिकहरुले चेकजाँचको सामना गर्नुपर्छ ।

घरायसी सामान किनेर आउने सीमावर्ती नेपाली नागरिकहरुले पनि यो चेकजाँचको नाटकबाट आजित भइसकेका छन् । चेकजाँचको सर्वसाधारणलाई दुःख दिने मात्रै काम गर्ने गरेको तर रातिको समयमा तस्कर हरुसँग मोटो रकम असुली गरेर तस्करीको लाइन दिने गरेको स्थानीयहरुको भनाई छ ।

तस्करहरुले रातिको सममया इनर्वा गाउँहुँदै खुलेयाम ठेलाका ठेला सामान नेपाल भारत ओहर दोहर गर्ने गरेका छन् ।

तर देखाउनका लागि मात्रै मुख्य सडकमा कडाई चेकजाँचको नाटक हुने गरेको स्थानीयको आरोप छ ।

यसरी खुलेआम तस्करी भईरहदा सम्वन्धित निकाय चिरनिद्रामा रहेको देखिन्छ ।सरकारले यस्ता वेथिती हटाउनका लागि कडा भन्दा कडा सुरक्षाको निती ल्याउनुपर्ने आवश्यकता रहेको देखिन्छ । समयमै यसलाई निराकरण नगरिए पछि ठुलो समस्याको रुपमा आउने भएकोले यसप्रति सरकारलाई गम्भीर वन्नुपर्ने तड्कारो देखिन्छ ।

# भिखारी धनी र व्यापारी गरिब बन्दैन



– जनार्दन बराल

*मुलुक निःसन्देह आर्थिक संकटमा छ । तर, समुन्नति सन्निकट छ । तर, त्यसका लागि व्यापार गरेर विदेशको पैसा आफ्नो मुलुकमा ल्याउनुपर्छ । संसारमा जुन मुलुक धनी भएका छन्, आफूसँग भएका सामान निर्यात गरेर अर्थात व्यापार गरेर नै भएका छन् । तर, नेपालले आजसम्म व्यापार गर्ने होइन, मागेर गर्जो टार्ने किसिमको आर्थिक नीति अवलम्बन गर्दै आएको छ । नीतिनिर्माताले बुझ्नुपर्ने कुरा के हो भने भिखारी धनी र व्यापारी गरिब भएका उदाहरण संसारमा विरलै पाइन्छन् ।*

वित्तीय प्रणालीमा तरलता अभाव, बढ्दो ब्याजदर तथा आयात निरुत्साहनका कारण पछिल्लो दिन बजारमा माग अत्यधिक घट्न पुगेको छ । यसमा सुधार ल्याउन ब्याजदरलाई स्थायित्वतर्फ लैजानु आवश्यक छ । आर्थिक वर्ष २०७६/७७ मा २.४ प्रतिशत ऋणात्मक खुम्चिएको अर्थतन्त्र २०७८/७९ मा आइपुग्दा ५.८ प्रतिशतले उक्सिएपछि नीतिनिर्माताले पनि कोभिडपछिको पुनरुत्थानले गति लिएको सम्झिएका थिए । कोभिड प्रभाव कम भएसँगै देशमा तीव्ररूपमा माग बढेको थियो । त्यहीरूपमा औद्योगिक उत्पादनले पनि गति लिएको थियो । कोभिडकालमा खासगरी नेपाल राष्ट्र बैंकले ब्याजदर कम दिएको सहुलियतले ब्याजदर सस्तो भई तीव्र कर्जा प्रवाह भएको थियो । त्यसले आयात व्यापारलाई पनि उत्तिकै प्रोत्साहन गरेको थियो ।

ठ्याक्कै एक वर्षअघि २०७७/७८ को पहिलो त्रैमासमा अघिल्लो वर्षको तुलनामा कर्जा ३० प्रतिशतले बढेको थियो । जबकि, केन्द्रीय बैंकले त्यसलाई १९ प्रतिशतमा सीमित राख्ने लक्ष्य निर्धारण गरेको थियो । बैंक तथा वित्तीय संस्थाबाट ऋणीले ६ प्रतिशतसम्म ब्याजमा कर्जा पाउने अवस्था सिर्जना भएको थियो, जुन मूलतः आयातमा प्रयोग भयो । त्यस अवधिमा मुलुकको आयात ६४ प्रतिशतले बढेको थियो । त्यसरी उच्चरूपमा आयात बढ्ने तर रेमिट्यान्स र पर्यटन आयमा सुस्तता आएपछि मुलुकले मुख्यतः दुई गम्भीर आर्थिक समस्या सामना गर्नुपर्‍यो । पहिलो, चालू खाता घाटा तथा भुक्तानी सन्तुलन भयावहरूपमा नकारात्मक बनेपछि मुलुकको विदेशी मुद्रा सञ्चिति डरलाग्दो रूपमा घट्न पुग्यो । दोस्रो, मुलुकले अघिल्लो आर्थिक वर्षभरि नै विदेशी मुद्रा सञ्चितिमा दबाब खेप्नुपर्‍यो । २०७८/७९ को अन्त्य अर्थात गत असार मसान्तसम्म चालू खाता ६ खर्ब २३ अर्ब ३३ करोडले घाटामा थियो, जुन कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब १३ प्रतिशत हो ।

नेपालमा भुक्तानी सन्तुलनसम्बन्धी तथ्यांक राख्न थालेयता जिडिपीमा चालू खाता घाटाको अनुपात कहिल्यै पनि यति ठूलो भएको थिएन, यति धेरै हुनु वास्तवमै कहालीलाग्दो नै हो । अर्कातिर, २०७७ असारमा करिब १६ महिनाको वस्तु तथा सेवा आयात धान्ने विदेशी मुद्रा सञ्चिति रहेकोमा त्यसमा निरन्तर पहिरो गएर २०७८ पुसमा साढे ६ महिनाको मात्रै आयात धान्नेमा झरिसकेको थियो । २०७९ असार मसान्तमा शोधनान्तर घाटा नै २ खर्ब ५५ अर्ब २६ करोड पुगेको थियो । वस्तु आयात २४.७ प्रतिशतले वृद्धि भई १९ खर्ब २० अर्ब पुगेको थियो । रेमिट्यान्स ४.८ प्रतिशतले मात्रै बढेपछि निरन्तर विदेशी मुद्रा सञ्चितिमा दबाब परिरहेको थियो । गत आर्थिक वर्ष सुरुदेखि निरन्तर ओरालो लागेको अर्थतन्त्रको ग्राफमा सुधार नहोला कि भन्ने डर जनमानसमै परेको थियो । अर्कातिर, निक्षेप र कर्जाको असन्तुलनका कारण मुलुकको वित्तीय प्रणालीमा लगानीयोग्य रकमको तीव्र अभाव भयो । कोभिडमा सहुलियतस्वरूप बैंकहरूले निक्षेप तथा पुँजीको ८५ प्रतिशतसम्म ऋण दिन पाउने व्यवस्था रहेकोमा राष्ट्र बैंकले गत आर्थिक वर्ष मौद्रिक नीतिमार्फत त्यसलाई हटाएर निक्षेपको ९० प्रतिशतमात्रै ऋण लिन पाउने व्यवस्था गर्‍यो । सिडी रेसियो ९० प्रतिशत कायम गरिएपछि आर्थिक वर्ष सुरुमै अधिकांश बैंकको सिडी रेसियो त्यसमाथि थियो । तर, पनि पहिलो त्रैमासमै ३० प्रतिशतभन्दा बढी कर्जा प्रवाह भएको थियो । पहिलो त्रैमासको आक्रमक कर्जा विस्तारको असर त्यसपछिका त्रैमासमा पर्‍यो । बैंकहरू कर्जा प्रवाह गर्नै नसक्ने अवस्थामा पुगे । त्यो समस्या आजका दिनसम्म पनि कायम छ । र, मुलुक न्यून ब्याजदरको युगबाट उच्च ब्याजदरको युगमा प्रवेश गरेको छ । तर, चालू आर्थिक वर्ष सुरु भएपछि भने अर्थतन्त्रका परिसूचक सकारात्मक बन्दै आएका छन् । पहिलो त्रैमास अर्थात असोज मसान्तसम्मको तथ्यांक हेर्दा अर्थतन्त्र अब सम्हालिएर आगामी दिनमा आर्थिक स्थायित्वको दिशामा जाने पर्याप्त आधार निर्माण भएको छ । गत आर्थिक वर्षभरि बढ्न नसकेको विदेशी मुद्रा सञ्चिति अनुपात यो वर्ष सुरुदेखि नै बढ्न थालेको छ । पहिलो त्रैमासमा नेपालसँग भएको विदेशी मुद्राले ८.३ महिनाको वस्तु तथा सेवा धान्न सक्ने देखिन्छ । राष्ट्र बैंकले कम्तिमा सात महिनाको वस्तु तथा सेवा धान्न सक्ने विदेशी मुद्रा सञ्चिति कायम गर्ने लक्ष्य निर्धारण गरेको छ । चालू आर्थिक वर्षमा आयात घटिरहेको तथा रेमिट्यान्स उच्च दरमा बढिरहेकाले यो क्रम निरन्तर रहेको अवस्थामा विदेशी विनिमय सञ्चितिमा निकै राम्रो प्रभाव पर्ने देखिन्छ ।

गत वर्ष पहिलो त्रैमासमा शोधनान्तर स्थिति ८७ अर्ब ७१ करोडले घाटामा रहे पनि यो वर्ष सोही अवधिमा सुधार भई शोधनान्तर घाटा १२ अर्ब ४३ करोडले बचतमा छ । चालू खाता घाटा पनि गत वर्ष असोज मसान्तसम्म १ खर्ब ५० अर्ब रहेकोमा यो वर्ष ३४ अर्ब २८ करोड मात्रै छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले यो आर्थिक वर्ष चालू खाता घाटा कूल गार्हस्थ उत्पादन (जिडिपी) को ६.३ प्रतिशतमा सीमित हुने तथ्यांक सार्वजनिक गरेको छ ।

आगामी आर्थिक वर्ष त्यो ५.७ प्रतिशतमा झर्ने प्रक्षेपण विश्व बैंकको छ । यो तथ्यांकले मुलुकले सामना गरिरहेको विदेशी मुद्रा अभावको समस्या आगामी दिनमा समाधान हुँदै जाने आधार दिएको छ । विदेश जाने कामदार संख्या बढ्दै गएकाले रेमिट्यान्स आप्रवाहमा बढोत्तरी हुने कारण चालू खातामा सुधार हुने अपेक्षा विश्व बैंकको छ । चालू आर्थिक वर्ष पहिलो त्रैमासमा रेमिट्यान्स वृद्धि १६.८ प्रतिशत देखिएको छ । गत आर्थिक वर्ष विदेश जाने नयाँ कामदारको संख्या करिब चार गुणा र पुनः श्रम स्वीकृति लिनेको संख्या दोब्बरले बढेको थियो । चालू आवको पहिलो तीन महिनामा पनि त्यो संख्या क्रमशः १ सय २३ प्रतिशत र ६६ प्रतिशतले बढेको छ । त्यसो हुँदा आगामी दिनमा रेमिट्यान्सको आप्रवाहमा स्वाभाविकरूपमा क्रमिक वृद्धि हुनेछ । त्यसले मुलुकको विदेशी मुद्रा सञ्चितिसम्बन्धी समस्या समाधानमा भूमिका खेल्ने नै छ । अर्कातिर, नेपालको पर्यटन क्षेत्रमा क्रमशः सुधार भई सामान्य अवस्थामा फर्किन लागेको छ । यो असोजमा साढे ८८ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । यही क्रमले निरन्तरता पाए करिब ११ लाख र अलिकति सुधार भए १२-१३ लाख पर्यटक आउनेछन् ।

पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल तयार भइसकेकाले तिनले पक्कै पनि पर्यटन आवागमनमा सकारात्मक प्रभाव पर्ने छ । पर्यटनबाट हुने आयसमेत बढ्दा निश्चय पनि विदेशी मुद्रा आर्जनमा प्रगति हुनेछ । आकासिँदो ब्याजदर तथा महगिँदो आयातका कारण मुलुकको पैठारी व्यापारमा ठूलो कमी आएको छ । चालू आर्थिक वर्षमै व्यापार गत वर्षको तुलनामा घाटा एक तिहाइ अर्थात ३३ प्रतिशतले घट्ने र अर्को आर्थिक वर्षमा त्यो पुनः ३०.४ प्रतिशतले कमी हुने प्रक्षेपण विश्व बैंकको छ । खासगरी विश्वव्यापी रुपमा भएको वस्तु मूल्यवृद्धि सामान्य अवस्थामा फर्कंदा मुलुकको आयातको बिल स्वाभाविकरूपमा कम हुनेछ । अर्कातिर, मुलुकभित्र ब्याजदर उच्च भएकाले आयातको लागत महँगो पर्न गई त्यो निरुत्साहन भइरहेको छ । यही वर्षबाट नेपाल विद्युतको नेट निर्यातक बन्ने भएपछि स्वाभाविकरूपमा त्यसले निर्यातमा ठूलो योगदान गर्ने छ ।

*“ चालू आर्थिक वर्ष सुरु भएपछि भने अर्थतन्त्रका परिसूचक सकारात्मक बन्दै आएका छन् । पहिलो त्रैमास अर्थात असोज मसान्तसम्मको तथ्यांक हेर्दा अर्थतन्त्र अब सम्हालिएर आगामी दिनमा आर्थिक स्थायित्वको दिशामा जाने पर्याप्त आधार निर्माण भएको छ । गत आर्थिक वर्षभरि बढ्न नसकेको विदेशी मुद्रा सञ्चिति अनुपात यो वर्ष सुरुदेखि नै बढ्न थालेको छ ।*

नेपालले आगामी आर्थिक वर्ष अन्तिमसम्ममा ६ हजार ५ सय मेगावाट विद्युत उत्पादन क्षमता पुर्‍याउने लक्ष्य लिएको छ । त्यो लक्ष्य पूरा हुँदा पेट्रोलियम पदार्थको आयात घट्ने छ । मुलुकमा विद्युत उपलब्धता हुँदा उत्पादनमूलक उद्योगको उत्पादन लागत घट्न गई निर्यात बढ्ने आँकलन पनि विश्व बैंकले गरेको छ । मुलुकको उत्पादनमूलक क्षेत्रको वृद्धिदर चालू आर्थिक वर्ष ८.९ प्रतिशत र आगामी आर्थिक वर्ष ९.२ प्रतिशत हुने प्रक्षेपण विश्व बैंकको छ । यस्तो अवस्थामा मुलुकको व्यापार घाटा कम हुने आँकलन हो । मुलुकको ऋण यस अवधिमा बढेको छ । तर, अबका दिनमा यसमा ठूलो वृद्धि हुने देखिँदैन । चालू आर्थिक वर्ष जिडिपीमा ऋणको अंश ४१ प्रतिशत पुग्ने र आगामी वर्ष घटेर ४०.९ प्रतिशत कायम हुने प्रक्षेपण छ । यद्यपि, अर्थतन्त्रको आगामी दिशा भने अझै पनि अनिश्चित नै छ ।

नेपाल राष्ट् बैंकले गत वर्षदेखि नै मौद्रिक नीति कसिलो बनाएको हो, जसलाई निरन्तरता दिँदा मुलुकको विदेशी मुद्रासम्बन्धी समस्या समाधान हुँदै जानेछा विदेशी मुद्रा सञ्चितिसँग सम्बन्धित समस्या समाधान हुँदै जाँदा बिस्तारै आयातमा लाग्दै गएको प्रतिबन्ध पनि हट्ने आँकलन गर्न सकिन्छ । आइएमएफ र विश्व बैंकले पनि त्यो सिफारिस गरेका कारण सरकारलाई त्यसो गर्नुपर्ने दबाब पनि छ । तर, वित्तीय प्रणालीमा तरलता अभाव, बढ्दो ब्याजदर तथा आयात नि?त्साहनका कारण पछिल्लो दिन बजारमा माग अत्यधिक घट्न पुगेको छ ।

यसमा सुधार ल्याउन ब्याजदरलाई स्थायित्वतर्फ लैजानु आवश्यक छ । कोभिडको सहुलियतका कारण घटेको ब्याजकै हाराहारीमा अब ब्याजदर कायम हुन गाह्रो छ, किनभने कर्जाको ब्याज अहिले १६.१७ प्रतिशत पुगिसकेको छ । यो विगत एक दशककै सबैभन्दा बढी हो । तर, सञ्चितिमा सुधार हुँदै जाँदा बजारमा बिस्तारै तरलता प्रवाह बढ्ने छ, ब्याजदर पनि सम्हालिँदै जानेछ र मागमा पनि वृद्धि हुने आँकलन गर्न सकिन्छ । तर, दशकौंदेखि जकडिएको मुलुकको अर्थतन्त्रको संरचनात्मक समस्या आजको भोलि समाधान हुँदैन । त्यसका लागि गम्भीर किसिमको सुधार आवश्यक छ ।

डिमोनिटाइजेसन मुलुकको अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन तथा तरलता समस्या दिर्घकालीनरूपमा समाधान गर्न नोटबन्दी महत्वपूर्ण उपाय हुनसक्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ८ नोभेम्बर २०१६ मा घोषणा गरेको नोटबन्दीले ठूला व्यापारी एवं सर्वसाधारणले राखेको नगद बैंकिङ प्रणालीमा लैजान र भारतीय अर्थतन्त्रलाई धेरै हदसम्म औपचारिक बनाउन सफलता प्राप्त गरेको थियो । त्यसले भारतीय अर्थतन्त्रलाई ‘ क्यासलेस’ बनाउन निकै मद्दत गरेको थियो । कालो धन निस्क्रिय गर्न त्यो रकमले खास योगदान गर्न नसक्ला, तर अनौपचारिक क्षेत्रमा रहेको रकम बैंकिङ प्रणालीमा ल्याउन भने यो कदम निकै नै प्रभावकारी हुनेछ । यसका लागि बलियो म्यान्डेटसहितको सरकार चाहिने हुनसक्छ । आयको स्वयं घोषण (भिडिआइएस) नेपालमा भिडिआइएस पटक-पटक घोषणा भए पनि अहिलेसम्म सफल बन्न सकेको छैन । यस्तो कार्यक्रमअन्तर्गत एकपटकका लागि निश्चित कर तिराएर नागरिकलाई आफ्नो आय घोषणा गर्न दिने र त्यसो गर्दा आयको स्रोत नखोजिने व्यवस्था गरिन्छ । त्यसले राज्यमा नागरिकको सम्पत्ति अभिलेखीकृत हुने मात्र होइन, सरकारले राजस्व प्राप्त गर्ने तथा बैंक तथा वित्तीय संस्थामा नगद थपिन सक्छ । मुलुकमा नीतिगत स्थिरता नभएका कारण भिडिआइएस यो कार्यक्रम सफल भएको छैन । कुनै सरकारले यस्तो व्यवस्था ल्याएर नागरिकले आफ्नो आय घोषणा गर्‍यो र कर पनि तिर्‍यो, तर त्यसपछि आउने अर्को सरकारले त्यो नीति फेरिदियो भने के गर्ने भन्ने आत्मविश्वास उद्योगी-व्यापारीसँग छैन । त्यसो हुँदा यो कार्यक्रम सफल बनाउन सबैभन्दा पहिला नीतिगत स्थिरता कायम हुनुपर्छ । सरकारप्रतिको विश्वास नागरिकमा हुनुपर्छ ।

नेपाली मुद्राको अवमूल्यन

नेपाली रुपैयाँ र भारतीय रुपैयाँबीच विगत लामो समयदेखि स्थिर विनिमयदर प्रणाली (पेग्ड एक्सचेन्ज रेट० कायम छ । नेरु र भारुबीचको अहिले कायम विनिमय दर २०४९ सालमा तय भएको हो । तर, अहिले आएर त्यसको वास्तविक दरमा ठूलो फेरबदल आइसकेको छ । अनौपचारिक बजारमा १ सय भारुबराबर १ सय ७० नेरुसम्ममा कारोबार भएको थियो । त्यसले के देखाउँछ भने नेरुको अहिलेको मूल्य बढी हो । यस्तो अवस्थामा यदि नेरुको दर पुनरावलोकन गर्ने हो भने यसलाई थप कमजोर बनाउनुपर्ने हुन्छ । नेरुलाई थप कमजोर बनाउनु भनेको भारतलगायत सबै मुलुकबाट आउने विदेशी सामानको मूल्य नेपालमा बढाउनु हो । विदेशी सामानको मूल्य बढ्दा त्यसको खपत कम हुन्छ र आयात नियन्त्रण गर्न सकिन्छ । यसले नेपाली वस्तु विदेशी बजारमा सस्तोमा पठाउन सकिने भएकाले निर्यात गर्ने क्षमता बलियो हुँदा फाइदा हुन्छ । अहिले नेपालको निर्यात गर्ने आधार कमजोर छ । तर, आउने दिनमा यही कारण निर्यात वृद्धिको ढोका पनि खुल्न सक्छ । डलरको स्रोत अभिवृद्धि मुलुक अहिले रेमिट्यान्सको धरापमा छ । मुलुक भित्रिने विदेशी मुद्राको सबैभन्दा ठूलो स्रोत रेमिट्यान्स हो । रेमिट्यान्स घट्नेबित्तिकै मुलुकमा विदेशी मुद्रा सञ्चितिमा गएको पहिरोले पनि यो धरापबाट मुलुक निस्किनुपर्ने सन्देश दिएको छ । त्यसका लागि विदेशी मुद्रा आर्जनका वैकल्पिक स्रोतको खोजी आवश्यक छ । पर्यटन, वैदेशिक लगानी, ऋण तथा अनुदान सहयोग मुलुकमा विदेशी मुद्रा भित्र्याउने माध्यम हुन् । मुलुकमा पर्यटक र लगानी भित्र्याउन भौतिक तथा नीतिगत सुधारका काममा ढिला गर्नु हुँदैन ।

मुलुकमा समाजवाद उन्मुख ‘ लाइसेन्सराज’ हाबी भएका कारण विदेशी लगानी आकर्षित हुन सकेको छैन । नेपालको उत्पादनले भारतमा भन्साररहित प्रवेश पाउने हुनाले यहाँ उत्पादनमूलक क्षेत्रमा लगानीका अथाह सम्भावना छ । अर्कातिर, जलविद्युतका क्षेत्रमा ठूलो विदेशी लगानी आकर्षित गर्दा त्यसको निर्यातबाट समेत रेमिट्यान्सबराबरकै वा त्यसभन्दा पनि बढी विदेशी मुद्रा भित्र्याउन सकिन्छ ।

तर, यस क्षेत्रमा पनि खुला हृदयले विदेशी लगानी ल्याउन सकिएको छैन । प्राकृतिक स्रोतमा आधारित सिमेन्ट, गिटी, ढुंगा, बालुवालगायत निर्यातबाट अहिले गणना गर्न नसकिने किसिमको विदेशी मुद्रा भित्र्याउन सकिन्छ । तर, खासगरी गिटीबालुवाको वैधानिक निर्यात रोकेर तस्करलाई संरक्षण गर्ने नीति सरकारले लिएको छ । मुलुक निःसन्देह आर्थिक संकटमा छ ।

तर, समुन्नति सन्निकट छ । तर, त्यसका लागि व्यापार गरेर विदेशको पैसा आफ्नो मुलुकमा ल्याउनुपर्छ । संसारमा जुन मुलुक धनी भएका छन्, आफूसँग भएका सामान निर्यात गरेर अर्थात व्यापार गरेर नै भएका छन् । तर, नेपालले आजसम्म व्यापार गर्ने होइन, मागेर गर्जो टार्ने किसिमको आर्थिक नीति अवलम्बन गर्दै आएको छ । नीतिनिर्माताले बुझ्नुपर्ने कुरा के हो भने भिखारी धनी र व्यापारी गरिब भएका उदाहरण संसारमा विरलै पाइन्छन् ।

(बराल , सेज अध्यक्ष हुन्, यो लेख सेजको प्रकाशन, आर्थिक नीति, सेज स्मारिका २०७९बाट साभार लिइएको हो)

# पर्यटनको माध्यमबाट ग्रामीण अर्थतन्त्र बलियो बन्छ : राष्ट्रपति भण्डारी

पर्वत, १० फागुन
राष्ट्रपति विद्यादेवी भण्डारीले पर्यापर्यटनको माध्यमबाट ग्रामीण अर्थतन्त्र बलियो बन्ने बताउनुभएको छ । पर्वतको जलजला गाउँपालिका-२ पूर्णगाउँमा निर्माण भएको आदिबराह मन्दिरको बुधवार उद्घाटन गर्दै उहाँले जैविक विविधताको संरक्षण र कृषि उपजको बजारीकरणको माध्यमबाट ग्रामीण अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउन सकिने बताए ।
कृषि, वन, जलस्रोत र पर्यटनमा आधारित उद्यमशीलताको माध्यमबाट स्वदेशी उत्पादनमा वृद्धि एवम् रोजगारीको सिर्जना गर्दै र स्वावलम्बी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिने उनको भनाइ छ । सार्वजनिक रुपमा ध्यान पुग्न नसकेका धेरै ऐतिहासिक मठमन्दिर र पर्यटकीयस्थल मुलुकका विभिन्न स्थानमा छरिएर रहेका छन, उनले भने ,स्थानीय, प्रदेश र सङ्घीय सरकारले अग्रसरता लिएर यस्ता स्थलको संरक्षण, सम्र्बद्धन र प्रचार गरेको खण्डमा त्यसको प्रत्यक्ष लाभ स्थानीय जनसमुदायलाई हुनेछ् ।



जलजलाको जैविक विविधतायुक्त कालञ्जर पहाड, मल्लाज दरबार, फलामेडाँडालगायत पर्यटकीय, धार्मिक र ऐतिहासिकस्थलको पूर्वाधार विकासमा ध्यानाकर्षण भएको राष्ट्रपति भण्डारीले बताए ।प्रसिद्ध बराहताल संरक्षणका लागि समुदायस्तरबाट भएको प्रयासका लागि धन्यवाद दिन चाहन्छु, उनले भने पर्वत जिल्लाका पर्यटकीयस्थलको प्रचारप्रसार गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिने प्रशस्त सम्भावना रहेको अनुभूत भएको छ ।
कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, मुख्य सचिव शङ्करदास बैरागी, संविधानसभा सदस्य अर्जुनप्रसाद जोशीले जलजला गाउँपालिकालाई धार्मिक पर्यटकीय गन्तव्य र कृषिको माध्यमबाट विकसित बनाउन भूमिका खेल्ने प्रतिबद्धता जनाए । लामिछाने र घर्ती क्षेत्री समुदायले रु एक करोड ५० लाखको लागतमा दुई वटा मन्दिर निर्माण गरेको आयोजकले जनाएका छन् । मन्दिर पुनःनिर्माणको मुख्यदाता रवीन्द्रजङ्ग लामिछनेले रु २५ लाख सहयोग प्रदान गर्नुभएको निर्माण समितिका नवीन जिसीले जानकारी दिए । जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले राष्ट्रपतिको भ्रमणले पर्यटकीय सम्भावनायुक्त बराहताल र हम्पाल कालञ्जर क्षेत्रको प्रचार तथा पहिचान दिलाउन सहयोग पुगेको बताए ।
समुद्री सतहदेखि एक हजार नौ सय ५० मिटरको उचाइमा रहेको बराहताल तीन रोपनी आठ आना क्षेत्रफलमा फैलिएको छ। करिब तीन मिटर गहिरो तालको पृष्ठभूमिमा धौलागिरि र निलगिरि हिमाल रहेका छन् । जनैपूर्णिमामा लाग्ने विशेष मेलामा पर्वतसहित, म्याग्दी, बागलुङ, पोखरा, चितवन, काठमाडौँ लगायतका ठाउँबाट भक्तजन आउने गर्दछन् । मागेको बर पूरा हुने विश्वास गर्ने गरिएको बराह क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गर्ने योजना अगाडि बढाइएको जलजला -२ का वडाअध्यक्ष प्रकाश जिसीले बताए । रासस

# मेन्छियाम हाइड्रोपावरको आइपिओ खुला




काठमाडौँ, १० फागुन
मेन्छियाम हाइड्रोपावर लिमिटेडले साधारण सेयरको निष्कासन तथा बिक्री खुला गरेको छ । कम्पनीले बुधवारदेखि आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) को बिक्री खुला गरेको हो ।
कम्पनीले आफ्नो जारी पुँजी रु ५४ करोड २५ लाख ८३ हजार तीन सयको १० प्रतिशत अर्थात् रु पाँच करोड ४२ लाख ५८ हजार तीन सय बराबरको प्रतिसेयर रु एक सय दरका पाँच लाख ४२ हजार पाँच सय ८३ कित्ता सेयर आयोजना प्रभावित क्षेत्र सखुवासभाको स्थानीय बासिन्दाका लागि निष्कासन गरेको हो ।
यसमा अतिप्रभावित क्षेत्र सखुवासभाको साविक सिद्धिकाली, सिद्धपोखरी र मावादीन गाविसका बासिन्दामा दुई लाख ७१ हजार दुई सय ९२ कित्ता र अतिप्रभावित क्षेत्रबाहेक संखुवासभाका बासिन्दामा दुई लाख ७१ हजार दुई सय ९१ कित्ता छुट्याइएको छ ।
त्यस्तै सर्वसाधारण लगानीकर्ताका लागि छुट्याइएको सेयरको १० प्रतिशतले हुने एक लाख आठ हजार पाँच सय १७ कित्ता सेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी विदेशमा रोजगारमा रहेका नेपालीका लागि निष्कासन गरिएको कम्पनीले जनाएको छ। स्थानीय लगानीकर्ताले सेयर खरिदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्म आवेदन दिन सक्नेछन् । जसमा आयोजन प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्कासन बन्द छिटोमा यही फागुन २५ गते हुनेछ भने ढिलोमा आगामी चैत ९ मा हुने कम्पनीले जनाएको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीले अधिकतम १० हजार कित्ताका लागि यही फागुन २५ गतेभित्र आवेदन दिनुपर्ने छ ।
स्थानीय बासिन्दाले आयोजनास्थलमा रहेको कम्पनीको कार्यालय, मादी नगरपालिका-७, चैनपुर नगरपालिका-३ स्थित रेडक्रस भवन, एनआइसी एसिया बैंक, ग्लोबल आइएमई बैंक र नेपाल एसबिआई बैंकले तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीले आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालय र अनलाइनबाट 'मेरो सेयर'मार्फत आवेदन दिन सक्ने कम्पनीले जनाएको छ ।
कम्पनीको सेयर निष्कासन तथा बिक्री प्रबन्धक एनआइसी एसिया क्यापिटल लिमिटेड रहेको छ । कम्पनीलाई केयर नेपालले 'केयर एनपी बिबी इस्युअर' प्रमाणपत्र प्रदान गरेको छ । कम्पनीले सखुवासभामा चार दशमलव ७२ मेगावाट क्षमताको माथिल्लो पिलुवाखोला-२ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। रासस

# ऋणीले एउटा लघुवित्तबाट मात्रै ऋण लिन पाउने व्यवस्था गर्न माग

काठमाडौँ, १० फागुन
लघुवित्त वित्तीय संस्थाका कारण न्यूनआय भएका वर्ग झन् प्रभावित बनेको भन्दै संसद्मा लघुवित्तलाई नियमन गर्न आवाज उठेको छ । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसद गगनकुमार थापाले बदनियतका साथ काम गर्ने लघुवित्तलाई कारबाही गर्न र एउटा ऋणीले एउटा मात्र संस्थाबाट ऋण लिन पाउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए ।
अति न्यूनआय भएका गरिबलाई गरिबीको रेखाबाट माथि उठाउने उद्देश्यका साथ लघुवित्त सञ्चालनमा आएका भए पनि कयौँ लघुवित्तका कारण गरिब थला परेका छन्, अनुचित नाफा कमाउनका लागि जे पनि गर्ने लघुवित्त, तत्कालको गर्जो टार्न जहाँबाट जस्तो भए पनि ऋण लिने ग्राहाकहरु, सुपरीवेक्षण गर्ने राष्ट्रबैंकका कारण यो अवस्था देखिएको हो, उनले भने । सांसद अञ्जली श्रेष्ठले बढ्दो महँगी, बेरोजगारीलगायत किसानका समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।
सांसद अनिसा नेपालीले वर्षायाममा हुने जनधनको क्षति हुन नदिन अहिले नै काम थाल्न आग्रह गरे ।
सांसद अम्बिका बस्नेतले चाबहिलको महाँकालस्थित सडक तत्काल मर्मत गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद असिम शाहले सरकारी सेवा एकीकृत रुपमा प्रवाह गर्ने उद्देश्यले निर्माण गरिएको ' नागरिक एप'को प्रभावकारी रुपमा सञ्चालनमा ल्याउन आग्रह गरे ।



उनले नागरिक एपमा भएको सवारी चालक अनुमति पत्रलाई ट्राफिक प्रहरीले मान्यता नदिएको भन्दै नागरिक एप र ट्राफिक प्रहरीबीच समन्वयको व्यवस्था गरिदिन सरकारसँग आग्रह गरे ।
सांसद इश्वरबहादुर रिजालले शून्य समयमा उठाएको कुरा शून्य बराबर नहोस् भनी सरकारको ध्यानाकर्षण गराए । सांसद कल्पना मियाँ कुसारीले अघिल्लो पटकको शून्य समयमा मैले केही प्रश्न राखेको थिएँ, त्यो जवाफ अहिलेसम्म आएन, त्यो जवाफ कहिलेसम्म कसको बाट पाउने होला ? भनी प्रश्न गरे ।
सांसद उर्मिला माझीले माझी जातिले फागुनको तेस्रो मङ्गलबारलाई पर्वका रुपमा मनाउँदै आएकाले सो दिनलाई राष्ट्रिय पर्वका रुपमा सूचीकृत गर्न माग गरे ।
सांसद कुसुमदेवी थापाले ढोरपाटन सिकार आरक्षका चार ब्लक रुकुम क्षेत्रमा पर्ने भएकाले सो आरक्षमा उठेको राजस्व रुकुमका स्थानीय तहले पनि पाउनुपर्ने बताए । रासस

# अर्धवार्षिक समीक्षा : छ महिनामा आठ खर्ब २५ अर्ब व्यापार घाटा

काठमाडौँ, १० फागुन
चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको कूल व्यापार घाटा रू आठ खर्ब २५ अर्ब ७३ करोड नाँघेको छ । भन्सार विभागले बुधवार सार्वजनिक गरेको तथ्याङ्कअनुसार माघ मसान्तसम्ममा नेपालले कूल रू १० खर्ब १२ अर्ब ५९ करोड ७६ लाख बराबरको वैदेशिक व्यापार गरेको छ । यसमध्ये रू नौ खर्ब १९ अर्ब १६ करोड ५३ लाख बराबरको वस्तु तथा सेवा आयात हुँदा रू ९३ अर्ब ४३ करोड २३ लाख बराबरको मात्रै निर्यात भएको देखिएको हो ।
यो अवधिमा नेपालले गरेको कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ७७ प्रतिशत र निर्यातको हिस्सा नौ दशमलव २३ प्रतिशत छ । गत माघ मसान्तसम्म भएको वैदेशिक व्यापारबाट रू दुई खर्ब १२ अर्ब १२ करोड ७४ लाख बराबर भन्सार राजस्व उठेको विभागको तथ्याङ्कबाट देखिन्छ । गत आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक समीक्षा अवधिमा नेपालले गरेको कूल वैदेशिक




व्यापारको तुलनामा यसवर्षको सोही अवधिमा गरेको व्यापार २० दशमलव ८४ प्रतिशतले घटेको छ ।
त्यस्तै गतवर्षको तुलनामा आयात १९ दशमलव ९० प्रतिशतले घटेको छ भने निर्यात २९ प्रतिशतले घटेको विभागले जनाएको छ। नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारत हो । माघ मसान्तसम्ममा नेपालले भारतबाट रू पाँच खर्ब ७० अर्ब ९६ करोड ९७ लाख बराबरको सामान आयात गरेको छ । यही अवधिमा नेपालबाट भारतमा भएको निर्यात भने रू ६६ अर्ब २२ करोड ६५ लाख बराबर मात्रै छ। छ महिना अवधिमा चीनबाट रू एक खर्ब २५ अर्ब पाँच करोड २४ लाख बराबरको आयात गरेको छ भने रू ४२ करोड २६ लाख बराबरको मात्रै निर्यात गरेको छ
यो अवधिमा नेपालले वैदेशिक व्यापार गरेको तेस्रो ठूलो मुलुक इन्डोनेसिया हो। इन्डोनेसियाबाट रू ५७ अर्ब ९ करोड ६९ लाख बराबरको आयात हुँदा रू १० करोड ३६ लाख बराबर मात्रै निर्यात भएको छ । त्यस्तै, संयुक्त अरब इमिरेट्सबाट रू २० अर्ब २६ करोड २५ लाख बराबरको सामान आयात हुँदा रू २५ करोड ८९ लाख बराबरको निर्यात भएको छ।
अर्जेन्टिनासँग रू १८ अर्ब ५६ करोड ६० बराबरको आयात र रू १० लाख २० हजार बराबरक निर्यात कारोबार भएको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्म नेपालले सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात गरेको छ। विभागका अनुसार छ महिनामा रू ८४ अर्ब ६१ करोड ६४ लाख बराबरको डिजेल, रू ३८ अर्ब ७३ करोड ३३ लाख बराबरको पेट्रोल र रू ३३ अर्ब ३४ करोड बराबरको एलपी ग्यास आयात भएको छ। यही अवधिमा नेपालले रू २६ अर्ब ४२ करोड ४२ लाख बराबरको अप्रशोधित सोयाबिन तेल आयात गरेको छ। त्यसैगरी, रू २३ अर्ब ६६ करोड बराबरको फलाम, रू १८ अर्ब ४५ करोड ३५ लाख बराबरका सुनजन्य वस्तु, रू १७ अर्ब ७६ करोड बराबरको अप्रशोधित पाम आयल र रू १४ अर्ब ७६ करोड ८३ लाख बराबरको स्मार्टफोन आयात भएको देखिन्छ।
छ महिना अवधिमा नेपालबाट सबैभन्दा धेरै पाम आयल निर्यात भएको छ । यो अवधिमा रू १३ अर्ब ९२ करोड ६७ लाख बराबरको पाम तेल निर्यात भएको देखिएको हो । त्यस्तै, सोयाबिन तेल रू आठ अर्ब २७ करोड ७५ लाख बराबरको निर्यात भएको छ । विभागका अनुसार रू चार अर्ब ८९ करोड ७३ बराबरको अलैँची र रु दुई अर्ब ५८ करोड ३४ लाख बराबरको चिया निर्यात भएको छ।
वैदेशिक व्यापार गर्ने सबैभन्दा ठूलो नाका वीरगञ्ज भन्सार हो । वीरगञ्ज भन्सारबाट छ महिना अवधिमा रू तीन अर्ब ४३ करोड ६३ लाख ४३ हजार बराबरको सामान आयात भएको छ भने रु २३ अर्ब २८ करोड ४० लाख बराबरको निर्यात भएको छ । नेपालले यो अवधिमा गरेको कूल वैदेशिक व्यापारमा वीरगञ्जबाट मात्र ३७ दशमलव ३९ प्रतिशत आयात भएको छ भने कूल निर्यातको २४ दशमलव ९२ प्रतिशत हिस्सा रहेको छ।
त्यस्तै, भैरहवा भन्सारबाट रू एक खर्ब ३० अर्ब ५३ करोड ९३ लाख बराबरको आयात र रू पाँच अर्ब ४२ करोड ७० लाख बराबर निर्यात भएको छ । विराटनगर भन्सारबाट रू एक अर्ब ६ करोड ९० लाख १९ हजार बराबरको आयात हुँदा रू २५ अर्ब ५३ करोड ८० लाख बराबरको निर्यात भएको विभागको तथ्याङ्कबाट देखिन्छ ।रासस

# सौखमा सीमित मोफसलको चित्रकला



धनकुटा, १० फागुन
धनकुटाका ५४ वर्षीय चित्रकार मुकुन्द प्रयासले चित्रकला क्षेत्रमा काम गर्नुभएको २८ वर्ष भयो । तर उहाँलाई जिल्लामा सबैले चित्रकार होइन, कार्यक्रमका लागि ब्यानर, ब्याच, फोटोफ्रेमलगायतका सामग्री बनाइने मान्छे भनेर चिन्दछन् ।
धनकुटा नगरपालिका-७ मा २०५१ सालदेखि स्क-भा एण्ड क्राफ्ट सेन्टर चलाउँदै आएका प्रयास चित्रकलाबाट जीविकोपार्जन सम्भव नदेखेपछि व्यावसायीक क्षेत्रमा लागेको बताउनुहुन्छ । मोफसलमा चित्रकलाको बजार छैन, उनले भने ,चित्रकलाको चाहना जीवित राख्न कर्मसियल आर्टको सहारा लिनुपऱ्यो ।
एउटा चित्र रु तीन सयदेखि रु १० हजारसम्म बेचेको प्रयास बताउछन् । उनले हालसम्म करिब सात सयसम्म चित्र बनाइसकेका छन् । चित्रकलाबाट जीवन धान्न मुश्किल भएकाले यो आफ्ना लागि सौखमा सीमित भएको प्रयासको भनाइ छ ।
त्यस्तै अर्का चित्रकार डिल्लीराम आले पनि चित्रकला जीवन चलाउनका लागि भन्दा पनि कलाप्रतिको चाहना जीवित राख्न सौखका लागि यसमा लागेको बताउछन् । धनकुटा नगरपालिका-६ का ६८ वर्षीय आलेले २० वर्षको निजामती सेवामा कार्यरत रहँदादेखि चित्रकलाको क्षेत्रमा काम गर्दै आएका हुन् ।
विसं २०७३ मा सेवानिवृत्त भएपछि आले यसलाई पेसाका रुपमा अँगालेर विभिन्न प्रदर्शनी र बालबालिकालाई चित्रकला सिकाउँदै आएका छन् । हालसम्म पाँच हजारभन्दा बढी चित्र बनाइसकेका उनी भन्छन्,यसबाट जीविका चल्दैन, तर सौखका लागि मात्र चित्र बनाउँछु ।
चित्रकलाको विषयमा बुझाउन नसक्दा यो ओझेलमा परेको आलेको बुझाइ छ । दुई चित्रकारको जस्तै ३० वर्षदेखि यस क्षेत्रमा कार्यरत धनकुटा नगरपालिका-६ का ४६ वर्षीय सुशील क्षेत्रको अनुभव । सोह्र वर्षको उमेरबाट चित्रकलातर्फ आकर्षित भएका श्रेष्ठले यसबाट जीविकोपार्जन नभएपछि २०७६ सालदेखि कमर्सियल आर्टको क्षेत्रमा लागेको बताए । हाल सुशील आर्ट सेन्टरको सञ्चालक रहेका श्रेष्ठले भने ,सुरुमा सौखले चित्रकलामा लागियो ।
हालसम्म एक सय ५० को हाराहारीमा चित्र बनाउनुभएका श्रेष्ठले जिल्लामा फाट्फुट्ट मात्र चित्रको माग आउने र त्यो पनि महँगो भयो भन्नेर गुनासो गर्ने गरेको सुनाए । काठमाडौँलगायत ठूला सहरमा चित्रकलाको बजार भए पनि जिल्लामा कला क्षेत्रको प्रचार-प्रसार गर्न नसक्दा बजार अभाव भएको उनको भनाइ छ ।
चित्रकलासम्बन्धी अध्ययन गरिरहेका धनकुटा-६ का सञ्जय घिताल पनि सौखका लागि अध्ययन र चित्रकलामा लागेको बताउछन् । चित्रकला गहन विषय भएकाले यसबारे सर्वसाधारणलाई बुझाउन कठिन भएको उनले बताए ।
चित्रकलाबाट समाजलाई जीवनदर्शन सिकाउन सकिन्छ कि भनेर यस क्षेत्रमा लागेको हुँ, घिताले भने । रासस

# मैथिलीका हरेक गतिविधी समावेशी बनाउनुपर्ने : डा. लाभ




मधेशदृष्टि
जनकपुरधाम, फागुन १० : राष्ट्रिय योजना आयोगका पुर्व सदस्य एवं साहित्यकार डा. सुरेन्द्र लाभले मैथिली भाषा र यस्का विभिन्न गतिविधीहरुलाई समावेशी गर्न सुझाव दिएका छन् ।

अन्तराष्ट्रिय मातृभाषा दिवसको अवसरमा मैथिली विकास कोषको आयोजनामा बुधवार भएको कथा गोष्ठीमा बोल्दै डा. लाभले मैथिली भाषाको विकास विस्तार सहितका हरेक गतिविधीहरुलाई समावेशी बनाउन र सबैको अपनत्व हुने माहोल बनाउन आग्रह गरे ।उनले भने,"संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि मिथिला र मैथिलीको गतिविधीहरु भारतमा भन्दा नेपालमा केहि समावेशी भएपनि प्रयाप्त नरहेको र अझै सबैको भाषा बनाउने गरि फराकिलो रुपले अगागि बढनुपर्ने आवयश्कता रहेको छ ।"

कोषका अध्यक्ष जिवनाथ चौधरीले जातजाती, पिछडावर्ग सहितको मात्र होइन राजनितिक दल र पार्टीको आडमा पनि मैथिली विरुद्धको गतिविधी र प्रहारहरु हुन थालेको भन्दै विरोध जनाए । जनमत पार्टी र पिछडावर्ग संस्थाले मैथिली बोलेपनि मधेशी र मगही भनेर मैथिली उपर प्रहार गर्ने काम गरेको उनको आरोप थियो । उनले लोसपाका केहि सांसद मैथिली भाषी भएपनि हिन्दीमा सपथ लिएको भन्दै राजनितिक रुपमा पनि मैथिली उपर प्रहार भइरहेको बताए ।

कार्यक्रममा आम सञ्चार प्राधिकरण मधेशका अध्यक्ष श्याम सुन्दर यादव, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, नेपाल पत्रकार महासंघ मधेशका अध्यक्ष राजेश कर्ण सहितकाले मैथिली भाषा प्रतिको अपनत्व बढाउने काम अभियानीहरुले गर्नुपर्ने बताए । कार्यक्रममा विभिन्न स्कुलका छात्राहरुका साथै कथाकारहरुले कथावाचन गरेका थिए । कार्यक्रममा कथाकार तथा पत्रकार सुजित झा, श्याम सुन्दर शशी, श्यासुन्दर यादवका साथै पुनम झा मैथिल, सपना कर्ण, राजेश महतो, मजोज झा मुक्ती सहितका एक दर्जन कथाकारले कथा वाचन गरेका थिए । सो अवसरमा साहित्यकार रेवती रमण लाल, रोशन जनकपुरी, रमेश रञ्जन झा सहितको उपस्थिती थियो ।

# बहिरङग सेवा सञ्चालन गर्ने तयारी




वीरगञ्ज, १० फागुन
पर्साको वीरगञ्ज महानगपालिकाले नगरक्षेत्रका बर्थिङ सेन्टर (प्रसूति सेवा केन्द्र) बाट विशेषज्ञ डाक्टरसहितको बहिरङग सेवा सञ्चालन गर्ने तयारी गरेको छ । सबै वडाका जनतालाई गाउँबस्तीमै विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवा पुऱ्याउन 'मेयर घरदैलो स्वास्थ्य शिविर कार्यक्रम' सञ्चालन गर्दै आएको महानगरपालिकाले कार्यक्रमलाई थप प्रभावकारी र दिगोपनका लागि बहिरङ्ग सेवा सञ्चालन गर्ने तयारी गरेको हो । कार्यक्रमलाई दीर्घकालीन रुपमा सञ्चालन गर्नका लागि बर्थिङ सेन्टरमा नै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने भएको वीरगन्ज महानगरपालिकाका स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका स्वाथ्य अधिकृत रितेश जयसवालले जानकारी दिए । अहिले महानगरको पाँच स्थानमा स्थापना गरिएको सेन्टरबाट विशेषज्ञ डाक्टरसहितको बहिरङ्ग सेवा सञ्चालन गरिने र अर्को वर्ष पुनः अन्य स्थानमा स्थापना भएका बर्थिङ सेन्टरबाट सेवा सञ्चालन गरिने तयारी भएको उनले बताए । यसका लागि महानगरपालिकाले बजेट समेत विनियोजन गरिसकेको जनाएको छ। सेन्टरबाटै विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य सेवा प्रदान गर्ने तयारी भएपछि महानगरपालिकाको तत्कालका लागि 'मेयर घरदैलो स्वास्थ्य शिविर कार्यक्रम' स्थगित गरेको स्वास्थ्य अधिकृत जयसवालको भनाइ छ । गत २०७९ भदौ महिनादेखि सुरु भएको 'मेयर घरदैलो स्वास्थ्य शिविर कार्यक्रम' अन्तर्गत हालसम्म १० हजार दुई सय ३३ जनाले बहिरङग सेवामा स्वास्थ्य परीक्षण गराएको महानगरपालिकाका स्वास्थ्य तथा सामाजिक विकास महाशाखाले जनाएको छ । महानगरपालिकाको १२ वटा वडामा सञ्चालन गरिएको 'मेयर घरदैलो स्वास्थ्य शिविर कार्यक्रम' अन्तर्गत कूल १० हजार आठ सय ८५ जनाले जाँचका लागि नाम दर्ता गराएकोमा छ हजार चार सय २१ महिला र तीन हजार आठ सय १२ पुरुष गरी १० हजार दुई सय ३३ जनाले बहिरङ्ग सेवामा स्वास्थ्यपरीक्षण गराएको उनले बताए । त्यस्तै सो कार्यक्रममा चार सय ५३ जनाले युएसजी सेवा, इसिजी सेवा ६७ जनाले र ल्याब परीक्षणमा दुई हजार एक सय ७२ जनाले सेवा लिएका छन् । जाँच गराएकामध्ये २९ महिला र १६ पुरुष गरी ४५ जनालाई थप उपचारका लागि सिफारिस गरिएको स्वास्थ्य अधिकृत जयसवालको भनाइ छ । 'मेयर घरदैलो स्वास्थ्य शिविर कार्यक्रम' मा तीन विशेषज्ञ डाक्टरसहित नर्स, अनमी र एचए एक/एक, तीन अहेब र दुई 'ल्याब एसिस्टेन्ट' परिचालन गरिएको थियो ।रासस

# स्ववियु निर्वाचन : विद्यार्थी सङ्गठनको तयारी तीव्र

काठमाडौँ, १० फागुन
त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको मिति नजिकिँदै गर्दा विद्यार्थी सङ्गठनले पनि तयारी तीव्र पारेका छन् ।

स्ववियु निर्वाचनमा आफ्नो आआफ्नो सङ्गठनलाई जिताउनका लागि विद्यार्थी सङ्गठनले विभिन्न समिति गठन गरी तयारी तीव्र पारेका हुन् । अनेरास्ववियु, नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियु (छैटौँ) ले स्ववियु निर्वाचनका लागि विभिन्न समिति गठन गरिसकेका छन् ।

आगामी चैत ५ गते देशभरका त्रिविअन्तर्गत क्याम्पसमा हुने स्ववियु निर्वाचनका लागि कार्यतालिका सार्वजनिक भइसकेको छ । अनेरास्ववियुले अध्यक्ष समिक बडालले नेतृत्वमा एक हजार एक सदस्य स्ववियु परिचालन मूल समिति गठन गरेको छ । त्यस्तै चार उपाध्यक्षको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरेको महासचिव नरेश रोकायाले जानकारी दिए ।

उपाध्यक्ष नारायण घर्तीको संयोकत्वमा स्ववियु घोषणापत्र निर्माण उपसमिति, उपाध्यक्ष गोविन्द गिरीको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, अर्का उपाध्यक्ष मर्यादा विष्टको संयोजकत्वमा स्ववियु स्वयंसेवक परिचालन उपसमिति र उपाध्यक्ष धर्म गिरीको संयोजकत्वमा आर्थिक उपसमिति गठन गरिएको छ ।

अखिलले फागुन १३ गते देशभरिकै क्याम्पसमा भेला राखेर सम्भावित स्ववियु उम्मेदवारको सूची तयार पार्ने महासचिव रोकायाले जानकारी दिए । उनले स्थायी कमिटी सदस्यलाई उपत्यकाका क्याम्पस र केन्द्रीय सदस्यलाई सम्बन्धित क्याम्पस र जिल्लामा रहेका क्याम्पसमा खटाइएको बताए । नेपाल विद्यार्थी सङ्घले पनि स्ववियु निर्वाचनको तयारीका लागि विभिन्न पाँच समिति गठन गरेको छ । सङ्घले घोषणा लेखन, स्ववियु निर्वाचन प्रशिक्षण, विद्यार्थी सङ्गठन समन्वय समिति, स्ववियु निर्वाचन सुरक्षा अनुगमन एवं सुरक्षा समन्वयन समिति र स्ववियु प्रचारप्रसार समिति गठन गरिसकेको सङ्घका पूर्वकेन्द्रीय सदस्य एलिजा ढकालले जानकारी दिनुभयो । ढकालको संयोजत्वमा स्ववियु निर्वाचन प्रशिक्षण गठन भएको छ । सङ्घले सातवटै प्रदेशमा प्रशिक्षण समिति गठन गरेको छ ।

पूर्वकेन्द्रीय सदस्य पुजन गन्धर्वको संयोजकत्वमा स्ववियु घोषणापत्र समिति, पूर्वकेन्द्रीय सदस्य एलिजा ढकालको संयोजकत्वमा स्ववियु प्रशिक्षण समिति, सङ्घका नेता डा सन्तोष उपाध्यायको संयोजकत्वमा स्ववियु प्रचारप्रसार समिति गठन गरिएको छ । सङ्घका नेता दिनेश शाहीको संयोजकत्वमा विद्यार्थी सङ्गठन समन्वय समिति र सङ्घका अर्का नेता उज्ज्वल बज्राचार्यको संयोजकत्वमा स्ववियु निर्वाचन सुरक्षा अनुगमन एवं सुरक्षा समन्वय समिति गठन गरिएको छ ।

पूर्वकेन्द्रीय सदस्य ढकालले स्ववियु निर्वाचनका लागि १५ देखि १६ गते घोषणापत्र सार्वजनिक गरिने जानकारी दिए ।

अखिल (क्रान्तिकारी) ले पनि स्ववियु निर्वाचनका लागि विभिन्न समिति गठन गरेको छ । अनेरास्ववियुका महासचिव दीपेश पुनले स्ववियु निर्वाचनका लागि सातवटै प्रदेशमा स्ववियु निर्वाचन केन्द्रित कार्यशाला गरेको छ । उनले महत्वपूर्ण ठूला क्याम्पसमा उपाध्यक्षलाई खटाइएको जानकारी दिए । सचिव, केन्द्रीय सचिवालय र केन्द्रीय सदस्य पनि आवश्यकअनुसार परिचालन गरिएको उनको भनाइ छ । उनले स्ववियु निर्वाचन हुने क्याम्पसमा स्ववियु परिचालन समिति गठन गरिएको जानकारी दिए ।

उनका अनुसार उपाध्यक्ष नारायण खनालको संयोजवत्वमा स्ववियु निर्वाचन घोषणापत्र लेखन समिति, उपाध्यक्ष टुकमान महराको संयोजकत्वमा स्ववियु परिचालन समिति, उपाध्यक्ष मिलन एमसीको संयोजकत्वमा प्रचारप्रसार समिति, विभिन्न विद्यार्थी सङ्गठन छलफल र वार्ताका लागि समन्वयका लागि उपाध्यक्ष क्षितिज सापकोटालाई जिम्मेवारी दिइएको छ । उम्मेदवार छनोट गर्ने सम्बन्धित कमिटीले सर्वसम्मत निर्णय गर्ने र विवाद भएमा मात्र उपल्लो कमिटीमा सिफारिस गर्ने भनिएको उनले बताए ।

त्रिविले आगामी चैत ५ गते हुने निर्वाचनका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ । कार्यतालिकाअनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ । रासस

# उपमहानगरपालिकामा आज विदा



शोक विदा दिएको जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले जानकारि दिएका छन् ।

मधेशदृष्टि
जनकपुरधाम,१० फागुन ।
जनकपुरधाम उपमहानगरपालिका वरिष्ठ सरसफाई कर्मचारी मेहदी हसनको मृत्यु भएको छ । हसनको बुधवार हृदयघात भई मृत्यु भएको पारिवारीक स्रोतले जनाएको छ । हृदय सम्वन्धी समस्या रहेको हसनलाई उपचारका लागि अस्पताल लग्दै गरेको अवस्थामा बाटोमै मृत्यु भएको जनाईएको छ । चार सन्तानका पिता समेतरहेका हसन जनकपुरधाम उपमहानगरपालिकामा लामो समय देखि कार्यरत रहेका थिए । यता हृदयघात भई अल्पायुमै मृत्यु भएका हसनको शोकमा उपमहानगरपालीकाले विहिवार शोक मनाउने र एकदिन

# लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग



काठमाडौँ, १० फागुन
नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले टीकापुर घटनाका सम्बन्धमा अध्ययन गरिएको लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न आग्रह गरेका छन् । प्रतिनिधिसभाको बुधवारको बैठकमा समय लिएर बोल्दै उनले नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीलाई रिहा गर्ने प्रतिबद्धता कार्यान्वयन नभएको भन्दै सरकारको ध्यानाकर्षणगराए।सांसदप्रभुसाहले रौटहटमा मौलापुर नगरपालिकाले आयोजना गरेको कार्यक्रमको नेपाल विद्युत् प्राधिकरणका स्थानीय कर्मचारीले विरोध गरेको, कार्यक्रमका दिन बिजुलीको लाइन काटेको जानकारी दिँदै प्राधिकरणका कर्मचारीलाई कानुन लाग्ने कि नलाग्ने भनी प्रश्न गरे । सेवाग्राहीले के कारणले लाइन काटेको हो भनेर सोध्न जाँदा गुण्डागर्दी भयो, उनले भने विद्युत् अवरोध गर्ने, जनतालाई दुष्प्रचार गर्ने घटनाको तत्काल छानबिन गर्न माग गर्दछु ।

सांसद दीपक गिरीले दाङमा सडक पूर्वाधार निर्माण ढिलाइ भइरहको भन्दै सरकारको ध्यानाकर्षण गराए । तीन पटक म्याद थपेर पनि सडक अझै निर्माण सम्पन्न भएका छैनन्, यसको सरकारले जवाफ दिनुपर्छ, उनले भने । सांसद प्रेम सुवालले पूर्वाधार विकास गर्दा स्थानीयको भावनालाई सम्बोधन गर्न आग्रह गरे । सांसद रघु पन्तले पछिल्ला समय विदेशी चलखेल बढेको भन्दै विदेशी कूटनीतिज्ञको भेटघाटलाई नियमन गर्न सरकारको ध्यानाकर्षण गराए ।रासस

## भांसिएको १९ महिना...............................

पूर्वाधार तथा यातायातमन्त्री हुदयेश त्रिपाठीले शिलान्यास गरेको ४ सय ७० मिटर लामो ११ मीटर चौडाई रहेको सो पुलको १२ वटा स्पान मध्ये बाढीका कारण पिलरसँगै स्लाप भासिएको थियो । पानीको बेग र बहाव अनुसारको जग नरहेकै कारण पुल भासिएपछि स्थानीय जोखिम मोलेर आउजाउ गर्न बाध्य भएका छन् ।

शुरुमा पुल बनाउने ठेक्का पप्पु लुम्बिनी विल्डर्स जेभी कन्स्ट्रक्सनले २४ करोड ९१ लाखमा २०६८ जेठ ३१ मा लिएको थियो । तीन वर्षमै सम्पन्न गर्ने भनी ठेक्का लिएपनि निर्माण कम्पनीले समयमा काम गर्न नसक्दा पटक-पटक म्याद थप गर्दै अन्ततः पप्पु कन्स्ट्रक्सनबाट सो ठेक्का रद्द गरी २०७६ असोज १ मा लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनलाई दिइयो ।

लुम्बिनी विल्डर्सले कार्य सम्पन्न भएको देखाएर २०७८ असार २० मा उद्घाटन गर्ने तयारीमा थिए । तर, उद्धाटन नहुँदै १२ वटा स्पान र १३ वटा पायामध्ये सिरहातर्फका सिराहा नगरपालिका-६ बसपिट्टाघाटनजिकै दोस्रो पाया भासिएको थियो । सो स्पाम भासिएसँगै दुईवटा स्ल्याब ७८.२० (एउटा स्ल्याब ३९.१०) मिटरको तल झरेको थियो ।

कमसल डिजाइन र गुणस्तरहीन सामग्री प्रयोग भएका कारण कमला पुलसँगै निर्माण गरिएको पाँच सय ४० मिटरको रिभर टेड्रिङ (बाँध) समेत बाढीले बगाएको छ। पहिलो पाया भासिएको चार महिनापछि ०७८ कात्तिक ३ मा धनुषा जिल्लातर्फका तेस्रो स्पाम पनि दुई मिटर तल भासियो । अहिले दुई/दुई ठाउँमा भासिएर अलपत्र छन् ।

त्रुटिपूर्ण डिजाइन र गुणस्तरहीन कामका कारण उद्धाटनको अघिल्लो सातामै २४ करोड ४२ लाख रुपैयाँको लागत निर्माण गरिएको सो पुलको यस्तो हबिगत भएपछि उच्चस्तरीय प्राविधिक टोलीले स्थलगत अनुगमन गरेको थियो । तर, ती टोलीले अहिलेसम्म के कति कारणले पुल भासिएको भन्ने कुरा प्रतिवेदनमा सार्वजनिक गरेका छैनन् ।

पुल भांसिएपछि गठित उच्चस्तरीय प्राविधिक टोलीले कति कारणले निरीक्षणको प्रतिवेदन सार्वजनिक गरेन भन्ने कुरामा हुलाकी राजमार्ग आयोजना जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले उच्चस्तरीय टोली निर्माण कम्पनीले रहेको कारण के कति कारणले प्रतिवेदन सार्वजनिक नगरेको हो, त्यो कुरा उनीहरुलाई थाहा होला । हुनत तिनीहरुले डिजाइन स्वीकृत भएपछि प्रतिवेदन सार्वजनिक गर्ने भन्दै आएका छन् ।

प्रमुख महतोले आफूले चासो नलिएको भन्ने आरोप गलत रहेको बताएका छन् । उनले भने, हामी निर्माण कम्पनीलाई ताकेता गर्दै नै आएका छौं, फेरी त्रुटिपुर्ण निर्माण नहोस् मजबूत पुल बनोस् भन्ने उद्देश्यले नयाँ रि–डिजाइन भएको छ । त्यो डिजाइन स्वीकृत हुने बितिकै फागुन मसान्तको अन्तिम सातासम्म निर्माण कार्य शुरु भई हाल्छ ।

यतिको लामो समय किन लाग्यो भन्ने जिज्ञासामा उनले भने फेरी पनि त्रुटिपुर्ण र गुण्स्तरहीन कामले क्षति नहोस् भन्ने रि–डिजाईन गर्न यहाँ एक्सपर्टहरु थिएन । बाहिरबाट हायर गरेर डिजाइन बनाउनमा समय लागेको हो । यसका साथै केही समय मनसूनको समय र यही बिचमा आएको निर्वाचनले पनि केही समय खाएको ढिलाई भएको हो ।

भासिएको पुल मरम्मत सम्भार र दोषी निर्माण कम्पनीलाई कारवाहीको माग गर्दै हुलाकी सडक संघर्ष समिति र स्थानीयले पटक पटक विरोधमा प्रदर्शन समेत गर्दै आएका छन् । तर, पनि सम्बन्धित निकायले यसबारे कुनै चासो नलिएको स्थानीयको आरोप छ । हुलाकी राजमार्ग हुँदै दुवै जिल्लाको एक मात्र बाटो रहेको सो सडकमा पर्ने पुल भासिएपछि स्थानीय जोखिम लिएर आवतजावत गर्न बाध्य छन् ।

कमला पुल पुनर्निर्माणमा ढिलाई भएपछि नागरिक अगुवाहरूले चिन्ता व्यक्त गरेका छन् । जनकपुरधाममा हुलाडी सडक संघर्ष समितिले भत्किएको निर्माणाधीन कमला पुलको पुनर्निर्माणमा विलम्ब भइरहेको र देशकै पुरानो हुलाकी सडक निर्माणमा सरकारले चासो नदिएको भन्दै हुलाडी सडक संघर्ष समितिका संयोजक रामरिझन यादवले चिन्ता व्यक्त गरेका छन् ।

उनले भने सरकारको गलत नियतका कारण मधेशका जनता विकासबाट टाढा हुनुपरेको छ । राज्य सञ्चालन गर्नेहरूको सोच राम्रो नभएकाले पनि सडक निर्माणमा विलम्ब भएको हो । राज्य हुलाकी सडक निर्माण तथा कमला पुनर्निर्माणका लागि गम्भिर छैन, यादवले भने 'यसका लागि सिंहदरबार पनि घेर्नु परयो भने पछाडी पर्दिन ।'

## अन्तराष्ट्रिय व्यापार..................

सो अन्तर्राष्ट्रिय व्यापार मेलामा स्थानीय उत्पादनका साथै नेपाल, भारत, पाकिस्तान, बंगलादेशमा उत्पादित विभिन्न प्रकारका सामग्रीको प्रदर्शनी रहेको छ । मेलामा इलेक्ट्रिक अटोमोबाइल्स, इलेक्ट्रिक साइकल, कार, जीप, मोटरसाइकल, स्कुटर, विभिन्न प्रकारका लुगाफाटा, खाद्यान्नका सामग्री, फर्निचर, इलेक्ट्रिक तथा इलोक्ट्रोनिक्स सामान, घर निर्माणमा प्रयोग हुने विभिन्न सामानका स्टल रहेका छन् । मेलाको आर्कषणका लागि मिथिला चित्रकला र तराई मधेशका लोप हुँदै गएका घरायसी तथा खेती बारीका सांस्कृतिक सँग जोडिएको वस्तुहरुको प्रदर्शनीका साथै सांस्कृतिक कार्यक्रमको आयोजना समेत प्रत्येक दिन गरिदैं आएको छ भने विभिन्न प्रकार झुला लगायतका मनोरञ्जनात्मक आयोजना समेत गरिएको छ ।

सो व्यापार मेला आयोजनामा ४० लाख रुपैयाभन्दा बढीको लागत लागने अनुमान गरिएको छ । ती लागत स्टलहरुबाट आउने भाडा र प्रवेश शुल्क सहित प्रवर्द्धनकर्ताहरु वृहत्तर जनकपुर क्षेत्र विकास परिषद, उपमहानगरपालिका र प्रदेश सरकारका उद्योग, पर्यटन तथा वन मन्त्रालयबाट सहयोग प्राप्त हुने आश्वासन भटेकाले त्यसबाट लागत श्रोत आउन सक्ने आयोजक पक्षको भनाईछ ।

## औद्योगिक करिडोरको ........................................................

उद्योगहरुले जग्गा कब्जा गरेको हो यस सम्बन्धमा अख्तियारले तपाईलाई पत्राचार समेत गरेको भन्ने जानकारी गराउंदा उनले हो, र आफूलाई यसबारे थाहा छैन, हामी यसमा बुझेर के कसो छ बुझेर पछि भनौला भनेर कुरा गर्न मानेन् । माघ ४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जीतपुरसिमरा उपमहानगरसहित जिल्ला प्रशासन कार्यालय बारा र पर्सालाई पत्राचार गरेर रेल्वेको १ हजार ७४९ बिगाहा जग्गा संरक्षण गर्न र सो क्षेत्रमा बनेका संरचना खाली गर्न निर्देशन दिएको थियो ।

अख्तियारबाट रेल्वेको जग्गामा बनेका संरचना खाली गराएर अतिक्रमण मुक्त गराउन पत्र आएको कुरा स्वीकार गर्दै जीतपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेले अख्तियारबाट पत्र त आएको छ, तर त्यो जग्गा स्थानीय तहबाट खाली गराउन सक्ने अवस्था छैन ।

त्यो जग्गा संघ सरकारले नै खाली गराउन सक्छ, हाम्रो बूताले हुनेवाला छैन । एक महिनाअघि आयोगले दिएको निर्देशनको विषयमा स्थानीय तह र प्रशासन दुवै मौन देखिएका छन् ।

यता वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले रेल्वेको जग्गामा भएका उद्योगहरुलाई खाली गराउन आफू कहाँ कुनै अधिकारिक पत्र आएको छैन । आएपछि हामी त्यसमा सोचौंला, अहिले त हामी आफ्नै महानगरपालिकाका जग्गा अतिक्रमण मुक्त गराउनमा लागेका छौं पहिला त हामी महानगरपालिका हेर्छौं त्यसपछि रेल्वे जग्गाको के कसो छ बुझ्छौं । रेल्वेको जग्गामा रेल्वे र संघ सरकारले चासो लिनुपऱ्यो हामीबाट सम्भव छैन । तर पनि सार्वजनिक जग्गा कसैले अतिक्रमण गरेको छ भने त्यो अतिक्रमणमुक्त गराउन सकेसम्म पहल गर्नेछौं ।

उता परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले परवानीपुर भित्र रहेको रेल्वेको अतिक्रमित जग्गा खाली गराउन गाउँपालिकाबाट कतिको पहल छ बारे उनले प्रश्न सुनेर अहिले बाहिर छु पछि यस सम्बन्धमा कुरा गर्छौं भनी कुरा गर्न चाहेनन् ।

अम्लेखगञ्ज-रक्सौल रेलमार्गको अतिक्रमणमा परेका ठूलै क्षेत्रफलका १ हजार ७४९ बिग्घा जग्गा खाली गराउन सबैले एकअर्कामाथि दोष थुपारेर कारवाहीको नाममा पन्छिने काम मात्र गर्दै आएका छन् ।

त्यस्तै उद्योग वाणिज्य महासंघ मधेस प्रदेशका अध्यक्ष गणेशप्रसाद लाठले पनि रेल्वेको सार्वजनिक जग्गा अतिक्रमणमा रहेको बारे अनभिज्ञता प्रकट गर्दै यो काम हाम्रो होइन सरकारले गर्ने हो भनी पन्छिने प्रयास गरेका छन् ।

रेल्वेको जग्गा खाली गराउन उद्योग वाणिज्य महासंघ मधेस प्रदेशले कतिको पहल गरेको छ बारे उनले रेल्वेको जग्गा कहाँ अतिक्रमण भएको छ भनी अनभिज्ञता प्रकट गर्दै भने यदि त्यस्तो छ भने सरकारका सम्बन्धित निकायले पहल गर्नुपरयो । यदि हाम्रो कुनै उद्योगीले कब्जा गरेको पाइएमा त्यो खाली गराउन हामी सरकारलाई सहयोग गर्नेछौं ।

### आर्थिक प्रभावमा कारवाही बन्द

श्रोतका अनुसार ती उद्योगहरुले सम्बन्धित निकायहरुलाई आर्थिक प्रभावमा पारेर कारवाही प्रक्रिया बन्द गराएका हुन् । बेला बखतमा अतिक्रमित जग्गा खाली गराउन आवाज उठन थालेपछि ती उद्योगहरुले सम्बन्धित निकायहरुले मोटो रकम खुवाएर कुरा सेलाउँदै आएका छन् भने केही निकायलाई महिनाबारीको रुपमा रकम समेत दिदैं आएको छ । आर्थिक प्रभावकै कारण वर्षौदेखि सो जग्गा खाली गराउन कसैले चासो लिएको छैन । 'अम्लेखगञ्जदेखि वीरगञ्जसम्म रेल्वेको ५ वटा स्टेशन थिए, जसमा ३ वटा स्टेशनको जग्गामा मालपोत कर्मचारीको मिलेमतोमा व्यक्तिको नाममा पुर्जा कायम भइसकेको श्रोतको दाबी छ । नेपालको पहिलो रेल सेवाको इतिहास बोकेको अम्लेखगञ्ज-रक्सौल रेलमार्ग २०१८ सालमा यात्रुवाहक र २०२२ सालमा मालसामान ओसार्न समेत बन्द भएपछि २०५५/०६० सालदेखि रेलमार्गको संरचनाहरु हटाएर त्यसमा उद्योगहरु स्थापना अम्लेखगञ्ज रक्सौल रेल्वेका पूर्व कर्मचारी दानबहादुर शाहीको भनाई छ ।

रेलको मुख्य कार्यालय रहेको अम्लेखगञ्जमा कटघरको भग्नावशेष बाहेक गोदामघर, कर्मचारी आवासगृह, गौचरण लगायतका संरचनाहरुमा पूर्व गाविस सचिवदेखि निवर्तमान माननीयसम्मले समेत अतिक्रमण गरेर भोगचलन गर्दै आएका छन् । शाहीका अनुसार 'स्टेशनहरु त अहिले भेटिदैन तर रेलको लिक आज पनि सरकारले चाहेमा उत्खन्न गरेर जग्गा संरक्षण गर्न सक्छ ।

सयौं बिगाहा रेल्वेको सार्वजनिक जग्गा अतिक्रमण र भोगचलन गरेका करिडोरका उद्योग र व्यक्तिले पछिल्लो समय भूमि आयोगसँग जग्गाको निस्सा समेत माग गर्दै आएको बुझिएको छ । राज्यलाई एक रुपैयाँ राजस्व नबुझाई २० औं वर्षदेखि सार्वजनिक जग्गा भोगचलन गरेका उद्योगीहरुले सहजै जग्गा खाली गर्ने अवस्था भने देखिदैन ।

# जनकपुरधाममा अन्तर कलेज स्तरीय क्रिकेट प्रतियोगीता हुने

मधेशदृष्टि, जनकपुरधाम । जनकपुरधाममा अन्तर कलेज स्तरीय क्रिकेट प्रतियोगिता हुन लागेको छ। जनकपुर एकेडमीको आयोजनामा यही फागुण १६ गतेदेखि बाह्रबिघामा प्रतियोगिता हुन लागेको छ। खेल-खेलाडीको विकास र नयाँ खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागेको प्रतियोगिताको संयोजक प्रसान्त कर्णले जानकारी दिए । उनका अनुसार हरेक तह, उमेर समूहलाई खेलसँग जोड्नुको साथै स्वास्थ्य बनाउनको लागि खेल आयोजना हुन लागेको छ । प्रतियोगितामा करिव १६ वटा कलेजको टिम सहभागि हुने अपेक्षा गरिएको राष्ट्रिय टिमका खेलाडी तथा हरिज स्पोर्टस जोनका सञ्चालक हरिशंकर साहले बताए। जसमध्ये १२ वटा टिमले नमांकन गराइसकेको छ। डिउज बलले नकट आउट



प्रणालीमा खेल हुने छन् । प्रतियोगितामा प्रतिभावान देखिएको खेलाडी छनौट गरी नियमित क्रिकेट अभ्यास गराउने आयोजक संस्थाको तयारी छ । यसअघि विद्यालय स्तरीय क्रिकेट प्रतियोगिताबाट उत्कृष्ट खेलाडहिरुलाई छनौट गरी तीन वटा टिम बनाएको छ । उनीहरु अहिले नियमित क्रिकेट अभ्यास गरिरहेका छन् । प्रतियोगितामा विजेता, उप-विजेतालाई आकर्षक ट्रफि, वेस्ट फिल्डर, बलिङ, ब्याटसम्यान र किपरलाई पनि प्रोतसाहन गर्न प्रमाणपत्रसहित कप दिइने धनुषा क्रिकेट संघका उपाध्यक्ष अकाश पाण्डेले जानकारी दिए।

# जीतपुरमा कराँते प्रतियोगिता हुने

मधेशदृष्टि, वीरगंज,१० फागुन । बाराको जीतपुरमा जिल्ला स्तरीय कराँते प्रतियोगिता हुने भएको छ । नेपाल सितोरियो कराँते जीतपुर डोजो शाखाको आयोजनामा फाल्गनु ११ गतेदेखि १३ गतेसम्म प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा सिमरा, जीतपुर, कलैया, अमलेखगंज, रमौली र छातापिपरास्थित डोजोले सहभागिता जनाउनेछन् । आयोजकका अनुसार प्रतियोगितामा तीन सय भन्दा बढी खेलाडीको सहभागिता रहनेछ । जीतपुरस्थित शान्ति टोल खेल मैदानमा हुने प्रतियोगितामा प्रथम हुने टिमले १५ हजार, दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले पाँच हजार नगद प्राप्त गर्ने आयोजक डोजो शाखाका संयोजक मनोजकुमार




साहले जानकारी दिएका छन् । प्रतियोगितामा जीतपुर सिमरा उपमहानगरपालिका, जीतपुरसिमरा वडा नं. ७, बाबा हार्डवेयर, आरम्भ ट्रेडिङ, राज स्क्रिन प्रिन्टिङलगायतको सहयोग रहेको साहले जानकारी दिए। साहको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मलेनमा जीतपुरका स्थानीय घनश्याम गिरी, कराते प्रशिक्षक सानु पटेल, श्रीराम साह लगायतको उपस्थिती रहेको थियो।

# अफगान बैंकको रकम जफत गर्न नमिल्ने फैसला

न्युयोर्क, १० फागुन
सेप्टेम्बर ११, २००१ को आतङ्कवादी हमलाबाट पीडित भएका परिवारको मागअनुसार अफगानिस्तानको केन्द्रीय ब्याङ्कले यहाँ जम्मा गरेको तीन अर्ब ५० करोड अमेरिकी डलर जफत गर्न नसक्ने फैसला न्युयोर्कका सङ्घीय न्यायधीशले सुनाएका छन् ।

न्युयोर्कको फेडरल रिजर्भ ब्याङ्कमा राखिएको अफगानिस्तानको उक्त रकम १५ अगस्ट, २०२१ मा रोक्का गरिएको थियो। संयोगवस सोही दिन अमेरिकाद्वारा समर्थित अफगान सरकारलाई सत्ताच्युत गरेर तालिवानले शासन आफ्नो हातमा लिएको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि आतङ्कवादी हमलाबाट पीडित भएका परिवारलाई रोक्का रकम उपलव्ध गराउन सकिने बताएका थिए । क्षतिपूर्तिका लागि तालिबानविरुद्ध मुद्दा दायर गरेका पीडित परिवारले मुद्दा जितेर रकम लिने प्रक्रियामा अघि बढाएका थिएतर न्युयोर्कको दक्षिणी जिल्लाका न्यायाधीश जर्ज डेनियलले अफगानिस्तानको केन्द्रीय ब्याङ्कको रकम जफत गर्ने क्षेत्राधिकर सङ्घीय अदालतलाई नभएको फैसला मङ्गलबार सुनाए । तीस पृष्ठ लामो फैसलाको पाठमा न्यायाधीश डेनियलले क्षतिपूर्तिसम्बन्धी यसअघिका सबै निर्णय सङ्कलन गर्न सुझाउँदै अमेरिकाका इतिहासमा भएको सबैभन्दा त्रासदीपूर्ण




आतङ्कवादी आक्रमणका दोषीबाट क्षतिपूर्ति भराउने अधिकार पीडित परिवारलाई भएको तर अफगानिस्तानको केन्द्रीय ब्याङ्कको रकम जफत गर्ने अधिकार नभएको उल्लेख गरेका छन् । सेप्टेम्बर ११, २००१ को आतङ्कवादी हमला अफगानिस्तानका जनता वा अफगान राष्ट्रले नगरेकाले केन्द्रीय ब्याङ्कको सम्पत्ति जफत गर्ने संवैधानिक अधिकार आफूमा निहित नभएको अतिवादी समूह तालिबानले आक्रमणको मुआब्जा तिर्नुपर्ने न्यायाधीश डेनियलले बताउनुभएको छ।

उहाँले रोक्का गरिएको केन्द्रीय ब्याङ्कको रकम पीडित परिवारलाई प्रदान गर्ने अनुमति दिँदा अफगानिस्तानको तालिवान सरकारले मान्यता पाउने उल्लेख गर्नुभयो। साथै उनले तालिबानको दायित्व अफगान राज्यकोषबाट भरपाई गर्न नसकिने तर्क गरेका छन्। बलपूर्वक अफगानिस्तानको सत्तामा आएको तालिबानलाई अमेरिकासहित कुनै पनि राष्ट्रले मानयता दिएका छैनन् ।

उन्नाइस जना आत्मघाती आक्रमणकारीले अपहरण गरिएका चारवटा विमान न्युयोर्कको प्रतीकका रुपमा ठडिएका दुईवटा व्यापारिक भवन, वासिङ्टन डिसीस्थित अमेरिकी रक्षा मन्त्रालय र पेन्सिभेनियामा ठोक्काएर गरिएको हमलामा विमानमा रहेका यात्रीसहित दुई हजार नौ सय ९६ जनाभन्दा बढीको मृत्यु भएको थियो । हमलामा छ हजारभन्दा बढी घाइते भएका थिए । आतङ्वादी आक्रमणको जवाफमा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुशले अफगानिस्तानमा आक्रमणको आदेश दिए । त्यसपछि अमेरिका समर्थित अफगान सरकार र तालिबानबीच दुई दशक लामो युद्ध भयो । सन् २०२१ को अगस्ट अमेरिकी र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) सम्बद्ध सेनाको फिर्तीसँगै अफगानिस्तानको सत्ता सम्हालेको तालिबानले इस्लामिक कानुन लादेर अमानवीय ढङ्गले शासन गरिरहेको छ । अन्तर्राष्ट्रिय सहायतामा निर्भर अफगानिस्तानको अर्थतन्त्र तहसनहस भएको छ। अमेरिकाले उसको सात अर्ब अमेरिकी डलर रोक्का गरेपछि स्थिति अझ नाजुक बनेको छ।


राष्ट्रपति बाइडेनले गत वर्षको फ्रेब्रुवरीमा उक्त रकममध्ये आधा अफगानिस्तानलाई सहायताका रुपमा उपलब्ध गराउने तथा बाँकी रकम आक्रमणबाट पीडित भएका परिवारलाई प्रदान गर्ने घोषणा गर्नुभएको थियो। पीडित परिवारको अपील असफल भएमा बाँकी तीन अर्ब ५० करोड अमेरिकी डलर के हुन्छ भन्ने स्पष्ट भएको छैन । (रासस /एएफपी)

# तिब्बतीको जीवनस्तर सुधाका लागि दुई अर्ब डलर लगानी

ल्हासा, १० फागुन
चीनको स्वशाषित क्षेत्र तिब्बतका जनताको जीवनस्तरमा सुधार गर्न एक अर्ब ९९ करोड अमेरिकी डलर लगानी गर्ने घोषणा स्वशाषित क्षेत्र सरकारले गरेको छ।

यो वर्ष लगानी हुने उक्त रकम तिब्बतीको जीवितकोपार्जन अनुदान, तिब्बतका चिकित्साकर्मीलाई आर्थिक सहायता, सीमावर्ती क्षेत्रका गाउँमा अक्सिजन आपूर्ति तथा सुविधा वृद्धिमा खर्च गरिने तिब्बतको स्वायत्त सरकारले बताएको छ । समुद्र सतहबाट तीन हजार पाँच सय मिटरको उचाइमा रहेका तिब्बती भूभागमा अक्सिजनको कमीले जीवन यापन कठिन हुने गरेको छ।

चार हजार मिटरभन्दा बढीको औसत उचाइमा रहेको तिब्बत पठारमा अत्यधिक चिसो र अक्सिजनको अभावले जनजीवन अस्तव्यस्त हुने भएकाले स्थानीयहरूको सुविधालाई तिब्बतको स्वायत्त सरकारले उच्च प्राथमिकता दिएको जनाउँदै अस्पताल तथा भवन तताउने परियोजना निर्माण, सामुदायिकस्तरमा पनि तताउने सुविधा व्यवस्था गर्न पर्याप्त रकम विनियोजन गरिएको बताएको छ । गत वर्ष तिब्बतमा जनसुविधालाई दृष्टिगत गरी ३८ वटा विकासका कार्यक्रम




कार्यान्वयन गरिएको थियो। शहरी ढल व्यवस्थापन सञ्जाल निर्माण तथा ग्रामीण सडक परियोजनाका साथै स्वास्थ्यसम्बन्धी कार्यक्रम सम्पन्न गरिएका थिए।

तिब्बत स्वायत्त क्षेत्रले दुई अर्ब ५० करोड अमेरिकी डलरको लागतमा एक हजार तीन सय ३७ वटा ग्रामीण पुनरुत्थान परियोजना सञ्चालन गरेको छ।

एक स्थानीय अधिकारीका अनुसार ८४ वटा आयोजनाको निर्माण सुरु भइसकेको छ भने कुल आठ सय नौ आयोजनाको प्रारम्भिक कार्य भई बोलपत्र प्रक्रियामा गइसकेका छन्। यो वर्ष ती योजना कार्यान्वयन भइसक्ने छन् । कृषि तथा पशुपालनका परियोजनालाई उच्च प्राथमिकता दिइएको छ । परियोजनाले ग्रामीण क्षेत्रमा उच्च प्रतिफल दिने कृषिकर्म, विशेष कृषि र पशुजन्य उद्योगको प्रवर्द्धनलाई जोड दिएको तिब्बतको ग्रामीण पुनरुत्थान ब्यूरोका उपनिर्देशक जियाङ हुवाले बताएका छन्।

आगामी मे महिनाभित्रै सबै परियोजना थालिने जानकारी उनले दिएका छन्।

वर्षौंको अथक प्रयासपछि तिब्बतका ग्रामीण बासिन्दाको जीविकोपार्जनमा सुधार आएको छ। सन् २०१२ को तुलानमा सन् २०२१ देखि यस क्षेत्रका ग्रामीण बासिन्दाको प्रतिव्यक्ति आयमा करिब तीन गुणाले वृद्धि भएको छ।

आर्थिक तथा सामाजिक रूपले पछि रहेको तिब्बतमा केन्द्र सरकारको निर्देशनमा तीव्र विकासका गतिविधि सञ्चालनमा ल्याएपछि हालका दिनमा भौतिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय तथा शैक्षिक रूपले विश्वको प्रमुख आकर्षक केन्द्रका रूपमा विकास भएको छ । प्रान्तीय र समकक्ष प्रशासनिक इकाइ, केन्द्रीय सरकारी विभाग, राज्य सरकारको स्वामित्वमा रहेका उद्यमलाई केन्द्रीय सरकारको सहयोगमा तिब्बत स्वायत्त क्षेत्रका परियोजना सञ्चालन गरेर राजमार्ग, रेलवे, हवाई मार्ग, र पाइपलाइनसमेतको व्यापक सञ्जाल निर्माण गरेको छ। (रासस/सिन्ह्वा)

# "रुसले युक्रेनलाई कहिल्यै जित्न सक्दैन"

वार्सा, १० फागुन
अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसले युक्रेनलाई कहिल्यै जित्न नसक्ने दाबी गर्नुभएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि आक्रमण जारी रहने बताएको केही घण्टापछि वार्सामा यहाँ भाषण गर्दै अमेरिकी राष्ट्रपतिले युक्रेन युद्धमा रुसको कहिल्यै विजय नहुने दाबी गरे।

युक्रेनप्रति संयुक्त राज्य अमेरिका र उसका साझेदारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै अमेरिकी राष्ट्रपतिले रुसी राष्ट्रपतिको आरोपको खण्डन गरे । रुसका राष्ट्रपति पुटिनले युक्रेनमा एक वर्षदेखि जारी युद्धका लागि अमेरिकासहित पश्चिमा राष्ट्रहरूलाई दोष दिएका थिए । उनले आफू पुटिनजस्तो निरङ्कुश एवम् कठोर नभएको पनि बताए। रुसी संसद्मा उहाँले युक्रेनलाई पश्चिमा राष्ट्रहरूले 'रुसविरोधी' बनाउने प्रयास आरोप लगाउँदै आफ्नो देशको अस्तित्व जोखिममा परेको बताए । सम्बोधनका क्रममा



उनले अमेरिकासँगको आणविक हतियार सन्धिमा सहभागी नहुने घोषणा पनि गरेका थिए । रुसी राष्ट्रपतिले आफ्नो देशमाथि लादिएो प्रतिबन्ध सफल नहुने बताउँदै आफ्नो देशले व्यवस्थित रूपमा आफ्नो उद्देश्य प्राप्त गर्न युद्ध निरन्तर हुने वाचा गरेक ाथिए।

किएभको अप्रत्यासित भ्रमण गरेर यहाँ आएका अमेरिकी राष्ट्रपतिले पश्चिमा मुलुकले रुसमाथि आक्रमण गर्ने कुनै योजना नबनाएको पनि स्पष्ट गरे। रुसी राष्ट्रपतिले आफ्नो देशमाथि अमेरिकासहितका पश्चिमा देशले आक्रमण गर्ने योजना बनाएका आरोपको खण्डन गर्दै अमेरिकी राष्ट्रपतिले त्यसो भनेका हुन । रुसी र अमेरिकी राष्ट्रपतिका भाषण एकअर्काविरुद्ध वाक्युद्ध थिए । त्यसअघि राष्ट्रपति बाइडेनलेपोल्याण्डका राष्ट्रपति एन्ड्रेज डुडालाई भेटेर आफ्नो भ्रमण संवेदनशील क्षणमा भएको बताउँदै उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)को सामूहिक रक्षाको सिद्धान्तप्रति वासिङ्गटनको प्रतिबद्धता दोहोऱ्याए। (रासस /एएफपी)

# विश्वकपको एसिया क्षेत्र छनोटको लागि नेपाली टोली युएई जाँदै

काठमाडौं, १० फागुन
संयुक्त अरब इमिरेट्स (युएई) मा आयोजना हुने आइसिसी १९ वर्षमुनि (यू-१९) पुरुष विश्वकपको एसिया क्षेत्र छनोट प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई बुधवार बिदाइ गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा बुधवार यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, क्यानका अध्यक्ष चतुरबहादुर चन्दलगायतले युएई जाने नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरे।

आयोजक युएईसहित नेपाल, सिङ्गापुर, कतार, हङकङ र



मलेसिया सम्मिलित उक्त प्रतियोगिता यही फागुन १२ गतेदेखि सुरु हुनेछ । नेपालले आफ्नो पहिलो खेल फागुन १२ गते सिङ्गापुरको सामना गर्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यसैगरी फागुन १३ गते नेपालले कुबेतसँग खेल्नेछ भने १५ गते हङकङसँग खेल्नेछ । त्यस्तै १६ गते मलेसियाको सामना गर्नेछ भने फागुन १८ गते आयोजक युएईसँग खेल्नेछ।

राउण्ड रोबिनका आधारमा हुने प्रतियोगिताको शीर्ष स्थान हासिल गर्ने टोलीले आगामी सन् २०२४ मा श्रीलङ्कामा हुने यू-१९ विश्वकपका लागि छनोट हुनेछ । प्रतियोगितामा नेपाली टोलीको मुख्य प्रशिक्षकमा जगत टमटा रहेका छन् भने कप्तानको भूमिकामा देव खनाल रहनेछन् । त्यस्तै नेपाली टोलीका अन्य खेलाडीमा अर्जुन कुमाल, दीपक बोहरा(क), आकाश त्रिपाठी, दीपक बोहरा(ख), दीपक डुम्रे, दीपेश कँडेल, हेमन्त धामी, आकाश चन्द, दुर्गेश गुप्ता, सुवास भण्डारी, विशाल विक्रम केसी, मिलन बोहरा र उत्तम थापा मगर रहेका छन् । नेपाली टोली आज दिउसोनै त्यसतर्फ प्रस्थान गर्नेछ ।रासस

# महायज्ञमा साढे चार करोड र ३७ कठ्ठा जग्गा दान




मधेशदृष्टि
वीरगंज, १० फागुन ।
मधेश प्रदेशमै पहिलो पटक बाराको महागढीमाईमा सप्ताह ज्ञान महायज्ञबाट ३७ कठ्ठा जग्गा र ४ करोड रुपैया संकलन भएको छ ।

महागढीमाई नगरपालिका वडा नम्बर १ स्थित रहेको विश्व प्रसिद्ध गढीमाई मन्दिर अगाडि आयोजना गरिएको श्रीमद भागवत सप्ताह एवम् श्री गढीमाइ धार्मिक महोत्सव विधिवत् रुपमा बुधवार एक कार्यक्रम गरि समापन भएको छ ।

फागुन २ गते देखि शुरुवात भएको सो भागवत श्री गढीमाई बहुमुखी क्याम्पसका लागि जग्गा खरिद तथा भवन निर्माण गर्न उद्देश्यका साथ आयोजना गरिएको क्याम्पसका अध्यक्ष विजय स्वर्णकारले जानकारी दिएका छन् ।

यज्ञमा अहिले सम्म विभिन्न दाताहरूले ३७ कठा जग्गा दान गरेका छन् भने तुलादान, चन्दा सहयोग, गरि करिब साढे ४ करोड रुपैयाँ समेत सङ्कलन भएको भवन निर्माण तथा जग्गा खरिद व्यवस्थापन समितिले जनाएको छ ।

तराई मधेसको जिल्लाहरूमा सम्भवतः पहिलो पल्ट यस्तो भव्य एवम् सभ्य रुपमा महायज्ञ सञ्चालन भएको हो । सबैभन्दा बढी राष्ट्रिय सभाका पूर्व सदस्य रमेश यादवले २५ लाख ६२ हजार दान गरेका छन् भने जिल्ला समन्वय समिति बाराका संयोजक नरेन्द्र साहले रु २५ लाख, गढीमाई मन्दिर विकास तथा सञ्चालन समितिका अध्यक्ष रामचन्द्र साहले २१ लाख, महागढीमाई नगरपालिका वडा नम्बर १ का वडाअध्यक्ष मनोज साह कानुले १२ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ,राजेन्द्र कुसवाहा ११ लाख ११ हजार १ सय ११ रुपैयाँ, जयमंगल कुसवाहा ५ लाख ५५ हजार, रामबाबु यादव ५ लाख ५१ हजार, नेपाली काँग्रेस मधेस प्रदेशका उपसभापति चन्द्रशेखर कुमार यादवले ५१ हजार, नेपाली काँग्रेस बारा निर्वाचन क्षेत्र नम्बर १ का क्षेत्रिय सभापति बिजयशंकर यादवले १ लाख ५१ हजार र भारत बिहार बस्ने साई सुईटसका मालिक सुदेश गुप्ताले ५ लाख ५५ हजार, नेपाली काँग्रेसका जिल्ला सचिव भैयाराम यादवले ५ लाख ५१ हजार, वडा नम्बर ७ का वडाअध्यक्ष शिवेन्द्र प्रताप सिंहले १ लाख १ हजार, महागढीमाई नगरपालिका वडा नम्बर २ निवासी मदन मली डोम र उनकी श्रीमती रेखा मली डोम ३१ हजार १ सय ११, भाइ मनोज मली डोम बुहारी सुनिता मली डोम ५ हजार १ सय ५ रुपैयाँ तुला दान गरेका भागवत सप्ताह तथा गढीमाई धार्मिक महोत्सवका अर्थ कमिटी सदस्य दिपप्रकाश गुप्ताले जानकारी दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहनु भएको नेपाली काँग्रेस मधेस प्रदेशका अध्यक्ष एवम् मधेस प्रदेशको नेपाली काँग्रेसको संसदीय दलका नेता कृष्ण यादवले क्याम्पसका लागि जग्गा खरिद एवम् निर्माण गर्नका लागि प्रतिबद्धता व्यक्त गरेका थिए । महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादवको अध्यक्षतामा सम्पन्न सो समापन कार्यक्रममा नेपाली काँग्रेस मधेस प्रदेशका उपसभापति चन्द्रशेखर कुमार यादव, प्रदेश सांसद एवम् नेपाली काँग्रेसका रौतहट जिल्ला सभापति जितेन्द्र यादव, जिल्ला समन्वय समिति बाराका संयोजक नरेन्द्र साह, बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जैसवाल, गढीमाई मन्दिर सञ्चालन तथा विकास समितिका अध्यक्ष रामचन्द्र साह लगायतको आफ्नो बिचार व्यक्त गरेका थिए ।

तुला दान गरेका ५ सय १५ जनालाई दोसल्ला सहित कदर पत्रबाट मेयर यादवले सम्मान गरेका थिए ।

# ग्रेटर वीरगंजको अवधारणा कागजमै सिमित




मधेशदृष्टि
वीरगंज, १० फागुन ।
बीरगंज उद्योग वाणिज्य संघले विगत एक दशक अगाडी वीरगञ्ज पथलैया औद्योगिक करिडोरलाई जोडेर यस क्षेत्रको भौगोलिक तथा आर्थिक विकासका लागि ग्रेटर वीरगञ्जको अवधारणा ल्याएको भए पनि सरकारले चासो नलिदा कागजमै सिमित भएको छ ।

मुलुकको प्रमुख आर्थिक केन्द्र, व्यापारीक नाका तथा देशकै सबै भन्दा ठूलो औद्योगिक कोरिडोरलाई समेटेर यसक्षेत्रको आर्थिक, भौतिक र सामाजिक विकासलाई एकिकृत रुपमा अगाडी बढाउन ग्रेटर बीरगंजको अवधारणा ल्याईएको भए पनि यो अवधारणा सरकारले सुन्ने तर कार्यान्वयनमा चासो नदिदा बीरगंजको विकास नै पछाडी परेको वीरगंज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अशोक वैद्यले बताएका छन् ।

विगतमा देशका पाँच जना पूर्वप्रधानमन्त्रीले वीरगञ्जमा एउटै मञ्चमा उभिएर ग्रेटर वीरगञ्जको अवधारणा कार्यान्वयन गर्न वीरगञ्ज-पथलैया कोरिडोरलाई मापदण्डसहितको औद्योगिक कोरिडोर घोषणाको प्रतिबद्धता पत्रमा हस्ताक्षर समेत गरे । २०७० सालमा भएको 'नेपाल लिडरसीप समिट'मा १२ बुँदे प्रतिबद्धतामा हस्ताक्षर गर्ने नेताहरू त्यसयता पटकपटक प्रधानमन्त्री बने पनि प्रतिबद्धता कार्यान्वयनमा चासो नदेखाएको उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष वैद्यले दुखेसो व्यक्त गरे ।

बीरगंजको आर्थिक क्रान्तिको मार्गचित्र तय गर्न आयोजना गरिएको नेपाल लिडरसीप समिटमा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, माधवकुमार नेपाल, झलनाथ खनाल र डा. बाबुराम भट्टराईले हस्ताक्षर गरेका थिए । त्यसयता वीरगञ्ज उद्योग वाणिज्य संघले ग्रेटर वीरगञ्जलाई आफ्नो आधिकारिक अवधारणा बनाएर विभिन्न सभा सम्मेलन र शिर्ष नेताहरुसँगको भेटघाटमा यो मुद्दालाई उठाउदै आएको छ तर कहि कतैबाट पहल नभएपछि आफूहरु निरास भएको उद्योग वाणिज्य संघ वीरगंजका अध्यक्ष डा. सुवोध गुप्ताले बताए ।

ग्रेटर बीरगंजको अवधारणाले पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका र बाराको जितपुरसिमरा उपमहानगरका लगायतको क्षेत्रलाई समेटेर यस इलाकाको व्यवस्थित विकास गर्ने लक्ष्य रहेको छ । भारतको राजनीतिक केन्द्र तथा राजधानी दिल्ली भएपनि आर्थिक राजधानीको रुपमा मुम्बईलाई मानिएको छ । त्यसैगरी ग्रेटर वीरगञ्जको अवधारणा पत्रमा वीरगञ्जलाई आर्थिक राजधानी घोषणा गर्न सरकारसँग माग गरिएको छ । बीरगंजसँग सम्पूर्ण भौतिक पूर्वाधार हुँदा हुदै पनि आर्थिक राजधानीको रुपमा सरकारले मान्यता दिन कन्जुस्याई गर्नु दुःखद विषय भएको उद्योगी व्यवसायीहरुले बताएका छन ।

# निवर्तमान मुख्यमन्त्री राउतद्धारा विकास निमार्णको स्थलगत अवलोकन

मधेशदृष्टि
वीरगंज, १० फागुन ।
मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतले बुधवार आफ्नो निर्वाचन क्षेत्र अन्तरगत संचालित विकास निर्माणको स्थलगत अवलोकन गरेका छन् । सो क्रममा पर्सा क्षेत्र नम्बर १ को ख अन्तरगत पर्ने वीरगंज महानगरपालिकाको वडा नम्बर ४ विर्तामा संचालित योजनाहरुको आज प्रदेश सभा सदस्य समेत रहेका राउतले स्थलगत निरिक्षण गर्नुका साथै गुणस्तरीय काम गर्न ठेकेदार तथा सम्बन्धित पक्षलाई निर्देशन दिएका छन् ।

सो क्रममा पूर्व मुख्यमन्त्री राउतले पार्टी कार्यकर्ताहरुसँग भेटघाट तथा अन्तरक्रिया समेत गरेका थिए । विगत ३ दिन देखि उहाँले आफ्नो क्षेत्रमा संचालित योजनाहरुको निरिक्षण, अनुगमन गर्नुका साथै त्यस क्षेत्रका समस्या समाधानका लागि पहल समेत सुरु गरेका छन् ।

रेडियो वीरगंजसंग संक्षिप्त कुरा गर्दै प्रथम मुख्यमन्त्री राउतले मधेश प्रदेश समस्यै समस्याले जेलिएको र विकास निर्माणका काम जनचाहना अनुरुप सम्पन्न हुन नसकेको अवस्थामा जनतामा निरासा देखिएको हुँदा यसलाई समाधान गर्न आफू क्रियाशिल रहने बताए ।

यसैविच जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेश प्रदेश सरकारका मुख्य मन्त्रीलाई पार्टीको तर्फबाट आवश्यक सल्लाह, सुझाव र सहयोग गर्न पार्टीका कार्यकारिणी समिति सदस्य लालबाबु राउतको संयोजकत्वमा परामर्श समिति गठन गरेको छ ।

समितिको सदस्यहरूमा गोविन्द चौधरी, दीपक कार्की, लालकिशोर साह छन् भने मुख्यमन्त्री सरोजकुमार यादवले समितिको सचिव भई कार्य गर्नेछ । समितिले पार्टीको निर्देशन अनुसार मुख्यमन्त्रीलाई समय समयमा आवश्यक सल्लाह सुझाव र सहयोग गर्नुका साथै पार्टी र सरकारबीचको समन्वय गर्ने कार्य गर्नेछ ।

केन्द्रीय कार्यकारिणी समितिको बैठकले गरेका निर्णयहरू कार्यान्वयनका लागि जसपाले मातहत समितिलाई आज परिपत्र समेत गरेको छ ।

# वीरगंज नाका मानब बेचविखनका लागि "ट्रान्जिट प्वाईन्ट"

मधेशदृष्टि
वीरगंज, १० फागुन ।
विगत केहि समय यता मुलुकको प्रमुख नाकाको रुपमा स्थापित वीरगञ्ज नाका मानव बेचबिखनका लागि मुख्य 'ट्रान्जिट प्वाइन्ट' बन्न थालेको पाइएको छ ।



मानव तस्करले बेचबिखन गर्ने उद्देश्य राखेर आफै विवाह गर्ने, भारतीय नागरिकसँग विवाह गराइदिने लगायतका प्रलोभनमा पारेर बालबालिका, किशोरी तथा महिलालाई यस नाका हुँदै भारतका विभिन्न शहरमा पुऱ्याउने गरेका छन । पर्सामा मानव बेचबिखनको घटनासम्बन्धी तथ्यांकअनुसार चालू आर्थिक वर्षको ६ महीना अवधिमा ७३ जनाको भारतका विभिन्न ठाउँबाट प्रहरीले उद्धार गरी नेपाल फर्काएको छ ।

गत साउनदेखि पुस मसान्तसम्ममा भारतका विभिन्न स्थानबाट ५९ महिला र १४ बालिकाको उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिएका छन् । आर्थिक वर्ष २०७८/७९ मा पर्सा प्रहरीले भारतको विभिन्न शहरबाट १११ महिला, ४१ बालिका र ३८ बालकको उद्धार गरेको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा ८५ महिला, २२ बालिका र एकबालकको उद्धार गरिएको गिरीले बताए । आर्थिक वर्ष २०७८/७९ मा १०८ महिला, १३३ बालिका, ४५ बालक र चार ज्येष्ठ नागरिक पर्साबाट हराएको उजुरी दर्ता भएकोमा १०५ महिला, १०८ बालिका, ४३ बालक र तीन ज्येष्ठ नागरिक फेला परेका प्रहरीको तथ्यांकमा उल्लेख छ ।

# माग र मुद्दा प्रति सम्वेदनशिल हुनका लागि मुख्यमन्त्रीलाई अभियानको ज्ञापन

मधेशदृष्टि
जनकपुरधाम,१० फागुन ।
चुरे तथा वनजंगल संरक्षण अभियानले आफनो माग र मुद्दा प्रति ध्यानाकर्षण गराउने उदेश्यले मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई ज्ञापनपत्र वुझाएको छ ।

अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवको अगुवाईमा बुधवार गएको टोलीले मुख्यमन्त्री यादव काठमाण्डौ गएको अवस्थामा कार्यालयका सचिवलाई ज्ञापनपत्र वुझाएको छ । ज्ञापनपत्रमा अभियानले उठाएका जनताको मौलीकहक प्रति सम्वेदनशिल भएर त्यस्को कार्यान्वयनका लागि पहल गर्न उठान गरिएको छ ।

त्यसैगरि अभियानका टोलीले बुधवार नै धनुषाका प्रमुख जिल्ला अधिकारी केशवराज दाहाललाई शान्तिसुरक्षाका लागि ज्ञापन वुझाएको छ । अभियानले विहिवार देखि सुरु गर्न गइरहेको अनिश्चितकालीन धर्ना कार्यक्रममा हजारौको संख्यामा सर्वसाधारणहरुले सहभागीता जनाउने र रातदिन त्यहि विताउने



भएकोले शान्तिसुरक्षाका लागि पहल गर्न ज्ञापन वुझाएको अभियानका संरक्षक तथा समाजीक अभियन्ता सरोज रायले बताएका छन । अभियानका संयोजक सुनिल कुमार यादवको अगुवाईमा गएको टोलीमा समाजीक अभियन्ता सरोज राय,सल्लाहकार संजय कुमार साह,संस्थाका प्रेस सल्लाहकार प्रमोद साह लगायतको उपस्थिती रहेको थियो ।

# महानपाद्धारा भेडहा खोला नियन्त्रणको पहल

मधेशदृष्टि
वीरगंज, १० फागुन ।
बर्षायाममा वीरगन्ज महानगरपालिकाको ५ वटा वडाका सयौं विगाहा जग्गा डुवान तथा कटान गर्दै आएको भेडाहा खोला नियन्त्रणको काम महानगरपालिकाले सुरु गरेसँगै त्यस क्षेत्रका बासिन्दामा खुसियाली छाएको छ ।

बीरगंज महानगरपालिकाको वडा नम्बर २७ देखि ३१ सम्मका ५ वटा वडामा राष्ट्रिय योजना आयोगको संपूरक बजेटबाट महानगरपालिकाले २४ करोड ६३ लाख ५ हजार रुपैयाँको लागतमा भेडाहा खोला नदी नियन्त्रण कार्य शुरु गरेसँगै त्यस क्षेत्रका बासिन्दा अब आउँदो बर्षायाममा भेडाहा नदीबाट हुने डुवान तथा नदि कटानबाट



प्रभावित हुन नपर्ने भन्दै खुसी भएका हुन ।

रमन एन्ड विकास ब्रदर्स ज्वाइन्ट भेन्चरका कम्पनीले २०८० असारमा सम्पन्न गर्ने गरी भेडाहा खोलामा १२ किलोमिटर लामो तटबन्ध निर्माण गरिरहेको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए । उनले तटबन्ध माथि साढे ५ मिटर चौडा कच्ची बाटो समेत बन्ने र यसबाट स्थानियवासिन्दालाई आवत जावतमा समेत सुविधा पुग्ने बताए ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल